महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
नलगाड नगरपालिका
जाजरकोट

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको नगर प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका नगर प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ आषाढ

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(कर्णाली प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ९१

मितिः २०७९।३।१७

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुखज्यू,
नलगाड नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
जाजरकोट ।

कैफियत सहितको राय

हामीले नलगाड नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ८ करोड ६७ लाख २१ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया प्राप्त नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १३ लाख ९७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ करोड २६ लाख १० हजार, नियमित गर्नुपर्ने रु २० लाख ८ हजार र पेश्की रू. ५ करोड ७ लाख ६ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु २ करोड ८९ लाख ९५ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ११ करोड ५७ लाख १६ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर/नगर कार्यपालिका, नगरनगर प्रमुख/नगर प्रमुख र नगर प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शंकर प्रसाद पन्थी)
नायब महालेखापरीक्षक

नलगाड नगरपालिका, जाजरकोट

बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
७२	२७	८६७२१	०	०	०	७२	२७	८६७२१	१३९७	२००८	३२६१०	०	०	३४६१८	५०७०६

अद्यावधिक बेरुजू स्थिति
२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
नलगाड नगरपालिकाजाजरकोट	२८९९५	०	०	२८९९५	०	८६७२१	११५७१६

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : नलगाड नगरपालिका, जाजरकोट , त्रिबेणी नालागढ़ नगरपालिका , जाजरकोट

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Surendra Singh	२०७७-४-१	
कार्यालय प्रमुख	Man Bahadur Giri	२०७८-९-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	Yam lal Dhakal	२०७७-४-१	
		बेरुजु रकम	८६,७२०,७९४

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		५,९९,०८,८९७	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	४२,४८,५१,७१०	**चालु खर्च**	२७,४७,२६,३८९
प्रदेश सरकारबाट अनुदान	४,४०,९०,०५८	**पूँजीगत खर्च**	२४,५३,९५,९५१
राजश्व बाँडफाँट	८,१८,९७,६६०.१३	**वित्तीय/अन्य व्यवस्था**	१२,३५,८०,८१७
आन्तरिक आय	७५,९३,२३६		
अन्य आय	९,५६,५८,२९३.८९		
कुल आय	६५,४०,९०,९५८.०२	**कुल खर्च**	६४,३७,०३,१५७
बाँकी मौज्दात		७,४३,८७,०२८.०२	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**स्थानीय संचित कोष , परिचय,लेखापरीक्षण र वित्तिय विवरणः** **क) स्थानीय संचित कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७७।७८ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ।	

आय				**ब्यय**				
सि.नं.	**विवरण**	**रकम**	**जम्मा**	**सि.नं.**	**विवरण**	**रकम**		
१	**गतकोअल्या**		**59908897.00**	**१**	**चालु खर्च**		**274726389.00**	
1.1	संचितकोष खाता	57698328.00		1.1	संघिय राजस्ववाडफाड	69777558.00		
1.2	धरौटीखाता	1405000.00		1.2	राजश्व वाँडफाँडप्रदेश	0.00		
1.3	क.सं.कोष खाता	0.00		1.3	आन्तरिक क्षोत	7619770.00		
1.4	प्रकोपव्यवस्थाप	805569.0		1.4	संघिय	19692996		

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति		बिषय										बेरुजु रकम
					न खाता	0			सर्शतअनुदान	1.00				
				1.5	मर्मतसंभार कोष	0.00		1.5	समानिकरण अनुदान	399100.00				
				1.6	विभाज्यकोष	0.00		1.6	प्रदेश शर्शतअनुदान	0.00				
				२	**संचितकोषखाताको जम्मा**	**0.00**	**565887663.27**	2	**पुँजिगत खर्च**	**0.00**	**245395951.00**			
				२.१	संघियराजस्व वाँडफाँड	81897660.13		2.1	**आन्तरिक क्षोत**		**20459293.00**			
				२.२	सचितकोषमाअन्य आम्दानी	७४५४९९९।१४		2.2	राजस्व वाडफाड-संघ	1911787.00				
				२.३	आन्तरिकस्रोत (राजस्व)	७५९३२३६		2.3	राजस्व वाडफाड-संघ	0.00				
				२.४	उपभोक्तासमिति लागत साहभागी	0.00		2.4	आन्तरिक क्षोत	18547506.00				
				२.५	संघीयवित्तीय	95800000.00		**3**	**संघीय**		**182762504.00**			

क्रम	भौचर नम्बर	भौचर मिति		बिषय										बेरुजु रकम
					समानिकरण				**सरकारवित्तीय हस्तान्तरण**					
				२.६	संघीयशर्शत अनुदान	317382710.00		**३.१**	समानिकरण अनुदान	73274180.00				
				२.७	संघियसमपुरक अनुदान	0.00		3.2	सर्शत अनुदान	95811491.00				
				२.८	संघियविशेष अनुदान	11669000.00		3.3	विशेष अनुदान	13676833.00				
				२.९	प्रदेशसमानिकरण अनुदान	10289000.00		3.4	समपुरकअनुदान	0.00				
				२.१0	प्रदेशशर्शत अनुदान	17729886.00		**4**	**प्रदेश वित्तीयहस्तान्तरण**		**42174154.00**			
				2.11	प्रदेशसमपुरक अनुदान	10914613.00		4.1	समानिकरण अनुदान	8343988.00				
				2.12	प्रदेशविशेष	5156559.00		4.2	शसर्त अनुदान	17817886.00				

क्रम	भौचर नम्बर	भौचर मिति		बिषय										बेरुजु रकम
					अनुदान									
				३	**कार्यसंचालनकोष**	0.00		4.3	विशेष अनुदान	5156558.00				
				४	**धरौटीखाताको आम्दानी**	**604040.00**	**604040.00**	4.4	समपुरकअनुदान	10855722.00				
				5	**अन्तरसरकारी अख्तियारी**	**0.00**	**85717177.00**	**5**	**कार्यसंचालन कोषखाताहरु**	0.00	**12329357.00**			
				5.1	स्थानीयपूर्वाधार विकास साझेदारी-365001043	4514457.00		५.१	प्रकोपव्यवस्थापन कोष	7067739.00				
				5.2	सामाजिकसुरक्षा संरक्षण-314010123	70633092.00		5.2	विविधखर्च खाता	5261618.00				
				5.3	एकिकृतस्वास्थ्य पूर्वाधार विकास कार्यक्रम ३७०००११६४	1591749.00		6	**अन्तरसरकारी अख्तियारी**	**0.00**	**85717177.00**			

क्रम	भौचर नम्बर	भौचर मिति		बिषय 5.4		1383000.00		6.1	स्थानीयपूर्वाधार विकास	4514457.00				बेरुजु रकम
					गरिबसंग विशेश्वयर कार्याक्रम ३३६००१०२३				साझेदारी-365001043					
				5.5	मुख्यमन्त्रीरोजगार उद्यमशीलता तथा आय आर्जनकार्यक्रम ३०१०००१०२३	1069901.00		6.2	सामाजिकसुरक्षा संरक्षण ३१४०१०१२३	70633092.00				
				5.6	मुख्यमन्त्रीरोजगार उद्यमशीलता तथा आय आर्जनकार्यक्रम ३०१०००१०२४	4861728.00		6.3	एकिकृतस्वास्थ्य पूर्वाधार विकास कार्याक्रम ३७०००११६४	1591749.00				
				5.7	सामाजिक विकास मन्त्रालय ३५००००११३	1183000.00		6.4	गरिबसंग विशेश्वयर	१३८३०००.००				

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति		बिषय										बेरुजु रकम
									कार्याक्रम ३३६००१०२३					
				5.8	सामाजिक विकास मन्त्रालय ३५००००११4	480250.00		6.5	मुख्यमन्त्रीरोजगार उद्यमशीलता तथा आय आर्जनकार्यक्रम ३०१०००१०२३	1069901.00				
				६	**विविध**	**0.00**	**1882077.75**	6.6	मुख्यमन्त्रीरोजगार उद्यमशीलता तथा आय आर्जनकार्यक्रम ३०१०००१०२४	४८६१७२८.००				
				6.1	कोरोना संक्रमण रोकथाम	1030000.00		6.7	सामाजिक विकास	११८३०००.००				

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति		बिषय										बेरुजु रकम
					नियन्त्रण तथा उपचार कोष खाता				मन्त्रालय ३५०००११३					
				6.2	विविधखर्च खाताको आम्दानी अन्य आम्दानी	852077.75		6.8	सामाजिक विकास मन्त्रालय ३५०००११4	४८०२५०.००				
								७	**सुत्र भन्दा बाहिर गरेको खर्च**	**२९४५४०३.००**	**२९४५४०३.००**			
								8	**फिर्तारकम**	**२१५६८८८०.००**	**21568880.00**			
								9	**धरौटीफिर्ता**	**१०२००००.००**	**1020000.00**			
								10	**वैंकमौज्दात**	**0.00**	**74387028.02**			
								10.1	संचीतकोष	16390553.20				

क्रम	भौचर नम्बर	भौचर मिति		बिषय										बेरुजु रकम
									खाता					
								10.2	कोरोरासंक्रमण कोष खाता	245982.00				
								10.3	धरौटीखाता	989040.00				
								10.4	चालुखर्च खाता	70757.33				
								10.5	पुँजिगतखर्च खाता	32247861.74				
								10.6	विविधखर्च खाता	273098.75				
								10.7	आन्तरिकअनुदान खात	16511682.00				
								10.8	आन्तरिकराजश्वखाता	7593236.00				
								10.9	प्रकोपव्यवस्थापनको खाता	64817.00				

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

				11	**फरक परेकोरकम**	**-4090330.00**	**-4090330.00**	
	जम्मा		**713999855.02**		**जम्मा**		**713999855.02**	
	द्रष्टब्यः यस नलगाडनगरपालिकाको आ ब २०७७।०७८ को बार्षिक आर्थिक विवरणमा आर्थिक बर्षको अन्त्यमा करदाखिला गर्न बाँकी रकम रु ४०९०३३० ।००-अक्षरुपी चालिस लाख नब्बे हजार तिन सय निस मात्र खर्चमा समावेश छ ।							

ख) परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगर पालिकाको स्थापना २०७३ मा भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नलगाड नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १३ वडा, ६९ सभा सदस्य, ३८७-४४ वर्ग किलोमिटर क्षेत्रफल तथा २८ हजार ९५० जनसंख्या रहेको छ ।

ग) लेखापरीक्षणः लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोरा सम्बन्धमा मिती २०७८।६।११ मा छलफल सम्पन्न भएको छ। लेखापरीक्षणमा देखिएका ब्यहोराहरु निम्नानुसार छन : **घ) वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । • महालेखा नियन्त्रक कार्यालयले २०७५ श्रावण देखि शुत्र अनिवार्य रुपमा लागु गर्नुपर्ने ब्यवस्था गरेकोमा कार्यालयले आंशीक रुपमा शुत्रको प्रयोग गरेको देखियो । बजेट तर्जुमा, बजेट संशोधन , रकमान्तर तथा प्रतिवेदन सम्मका सवै कृयाकलाप साथै राजश्व, धरौटी र कार्यसंचालन कोष समेतको विवरण शुत्र प्रणालीमार्फत नियमन र ब्यवस्थापन गर्नुपर्दछ । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२			**बैक हिसाब मिलान नगरेको –** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण रु ४०,९०,३३०।०० फरक पर्न गएकोले उक्त रकम कर तिर्न बांकी भनी उल्लेख गरेको छ ।बैंक हिसाव मिलान विवरण तयार गरी हिसाब भिडान गर्नुपर्दछ ।	
३			**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन । • पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची 14 वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खातामा रु. ७०७५७.३३ पुजीगत खर्च खातामा रु.३२२४७८६१.७४ समेत गरी रु. ३२३१८६१९.०० मौज्दात राखेको पाईयो ।मिति २०७८।६।१९ गते स्थानीय संचित कोषमा खर्च खाताबाट रकम फिर्ता गरेको छ । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको निर्धारित ढाँचामा प्रगति प्रतिवेदन तयार गरेको पाईएन।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• कार्यालयको श्रेस्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यमकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन । • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो। • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो, • वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन, • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन, • मुल्य अभिवृद्धि कर नियमावली २०53 को नियम 6 क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको देखिएन, • कार्यालयले उद्वेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाईएन, • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावलि 2064 को नियम 7 र 8 खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन, • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ५३ जनाको दरबन्दी रहेकोमा २४ दरबन्दी रिक्त रहेको पाईयो । • सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन 2049 वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । • निजामती सेवा ऐन 2049 को दफा 7 ख 2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु १४१२८२१६.०० तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
४			**बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री वाल कुमारी बस्नेतले मिति २०७७।०३।१० गते रु. ६० करोड ८७ लाख २४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७।०३।११ मा पारित भएको छ ।ततपश्चात स्थानीय तहका प्रमुखले २०७७।४।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानुनले तोकेको समयमा अख्तियारी प्रदान गर्नुपर्दछ ।	
५			**अबण्डा बजेट –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु. ४१ लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको मिति २०७७।९।२३ को निर्णयबाट पुजीगततर्फ विद्युत लाईन विस्तार तथा तटवन्ध समेत १० वटा योजनाहरुमा रु ४१०००००।०० बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६			**बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।	
७			**बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८			**गत बर्षको दायित्व -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु. ५६,२०,०४४।०० भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणीत गराएको आधारमा यो बर्ष (२०७७।७८) को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ ।	
९			**कर भुक्तानी बांकीः** यस पालिकाले मिति २०७७।४।५ गतेको नगर कार्यपालिकाको निर्णयबोजिम नेपाल सरकार तथा स्थानीय तहको कोषमा दाखिला गर्नुपर्ने तपसिल बमोजिमका विभिन्न करका रकम रु २८,९४,९३७।०० यो वर्ष भुक्तानी गर्नेगरि निर्णय गरे बमोजिम खर्च लेखेको देखियोः	६८८,९४४

सि.नं.	करको उपशिर्षक	दाखिला नगरेको रकम	कैफियत
१	अग्रीम आयकर	६४४५७९०	नेपाल सरकार
२	बहाल कर	१०८९४३२	नेपाल सरकार
३	पारीश्रमीक कर	१२७४३९	नेपाल सरकार
४	अन्य बहाल कर	३०७२०	स्थानीय सरकार

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५</td><td>मुल्य अभिबृद्धि कर</td><td>६७४५३८</td><td>नेपाल सरकार</td></tr>
<tr><td>६</td><td>सामाजिक सुरक्षा कर</td><td>१५७६६१</td><td>नेपाल सरकार</td></tr>
<tr><td>७</td><td>घर बहाल कर</td><td>१७०५६८</td><td>स्थानीय सरकार</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२८९४९३७</td><td></td></tr>
</table>
उपर्युक्त बमोजिम कर दाखिला गर्नुपर्नेमा रु २२,०५,९९३।०० मात्र दाखिला गरेकोले बांकी रकम रु रु ६,८८,९४४.०० नेपाल सरकार राजश्व खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु....

पालिकाले आर्थिक क्रियाकलापहरुमा केन्द्रीय राजश्वमा दाखिला गर्नुपर्ने कर रकम समेत दायित्व सिर्जना गरेको देखिदा वित्तीय अनुशासन पालना भएको देखिएन ।शसर्त तर्फको रकम एकातर्फ फ्रीज हुने तर कर दायित्व भुक्तानीका लागि स्थानीय संचित कोषबाट नगर कार्यपालिका मार्फत कार्यक्रम निर्धारण गरिनु नियम विपरीत देखियो । हरेक खर्च भौचर पश्चात राजश्व दाखिला गरि आर्थिक कारोबारलाई वस्तुनिष्ट र पारदर्शी बनाइनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>
चौमासिक पूँजीगत खर्चः
प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २६ बमोजिम स्वीकृत भएको कार्यक्रम बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छः
<table>
<tr><th rowspan="2">क्र स</th><th rowspan="2">बजेट उपशिर्षक</th><th rowspan="2">कूल खर्च</th><th colspan="4">चौमासिक खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेस्रो चौमासिक</th><th>आषाढ महिना</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

१	वित्तीय समानीकरण अनुदान	११२९३३१८३	२९२६९९७।००	३१२६०१८४।००	७८७४६०००।००	४७९५५१८५।००
२	शर्सत अनुदान	१०९४८८३२४।००	११८३१३४।००	१३४४०१५०।००	९४८६५०४०।००	६४६६८९२४।००
३	प्रदेशसरकार अनुदान	२२९७४४४४।००	०।००	२४७६६०२।००	२०४९७८४२।००	१८४४१२२५।००
	जम्मा	**२४५३९५९५१**	**४११०१३१**	**४७१७६९३६**	**१९४१०८८२**	**१३१०६५३३४**

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. २४ करोड ५३ लाख ९६ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु. ४१ लाख १० हजार अर्थात १.६७ प्रतिशत, दोश्रो चौमासिकमा रु. ४ करोड ७१ लाख ७७ हजार अर्थात. १९.२२ प्रतिशत र तेश्रो चौमासिकमा रु.१९ करोड ४१ लाख ८ हजार, अर्थात. ७९.०९ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु १३ करोड १० लाख ६५ हजार अर्थात. ५३.४० प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>

क्षेत्रगत बजेट र खर्चको स्थितिः

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			क्षेत्रगत बजेट र खर्च सम्बन्धी विवरण पुजिगत	

मुख्यक्षेत्र	**वार्षिक वजेट**	**खर्च रकम**	**खर्च प्रतिशत**
आर्थिक विकास	३२८०८०००।००	२७१७८२७६।००	८२।८४
सामाजिक क्षेत्र	१०२८५९००।००	८८३१५५८७।००	८५।८६
पूर्वाधार विकास क्षेत्र	१३४६६७०००।००	९७२०३०५३।००	७२।१८
सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	३८५९९४४८।००	३२६९९०३५।००	८४।७१
जम्मा	**३०८९३३४४८।००**	**२४५३९५९५१।००**	**७९।४३**

क्षेत्रगत बजेट र खर्च सम्बन्धी विवरण चालु

मुख्यक्षेत्र	**वार्षिक वजेट**	**खर्च रकम**	**खर्च प्रतिशत**
आर्थिक विकास	१६७८५९५०।००	१४५६६९३६।००	८६।७८
सामाजिक क्षेत्र	२१०४२२०००।००	१९१०५२६३७।००	९०।७९

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>१५२९३०००।००</td><td>४०८६४६७।००</td><td>२६।७२</td></tr>
<tr><td>कार्यालय संचालन तथा प्रशासनिक</td><td>७७९९०२५०।००</td><td>६५०२०३४९ऽ००</td><td>८३।३७</td></tr>
<tr><td>जम्मा</td><td>३२०४९१२००।००</td><td>२७४७२६३८९।००</td><td>८५।७२</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी पुँजिगत तर्फ सामाजिक क्षेत्रमा ८५.८६ प्रतिशत र चालुतर्फ ९०.७९ प्रतिशत सामाजिक क्षेत्रमा खर्च भएको छ । पुँजिगत पुर्वाधार तर्फ ७२.१८ प्रतिशत र चालुतर्फ सुशासन तथा अन्तरसम्बन्धित तर्फ २६.७२ प्रतिशत मात्र खर्च भएको छ । पुँजिगत पुर्वाधार तर्फ निर्धारित लक्ष्य बमोजिम खर्च गर्न कार्यालयले ध्यान दिनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>खर्च बिश्लेषणः
पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु ७५ लाख ९३ हजार, राजस्व बाँडफाँड बाट ८ करोड १८ लाख ९७ हजार र अनुदानबाट रु ४६ करोड ८९ लाख ४१ हजार समेत रु ५५ करोड ८४ लाख ३२ हजार आम्दानी भएकोमा चालु तर्फ रु २७ करोड ४७ लाख २६ हजार र पूँजिगत तर्फ रु २४ करोड ५३ लाख ९५ हजार- समेत रु ५२ करोड १ लाख २१ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.४५ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा राजश्व बाँडफाँडबाट १ करोड २७ लाख १९ हजार आन्तरिक श्रोतबाट रु १४ लाख ९१ हजार समेत रु १ करोड ४२ लाख १० हजार खर्च भएको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५२.८१ प्रतिशत चालु र ४७.१८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१३</td><td></td><td></td><td>

लक्ष्य प्रगति :

कार्यालयले चौमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन ।पालिकाको वार्षिक प्रगती स्थिति निम्नानुसार भएको पाईयोः

<table>
<tr><td rowspan="2">कार्यक्रम/ योजना</td><td rowspan="2">कुल कार्यक्रम</td><td colspan="4">वार्षिक प्रगति स्थिती</td><td></td></tr>
<tr><td>शून्य प्रगति</td><td>२५%सम्म प्रगति</td><td>५०% सम्म प्रगति</td><td>७५% सम्म प्रगति</td><td>७५% भन्दा माथि प्रगति</td></tr>
<tr><td>कार्यक्रम संख्या</td><td>२५३</td><td>१</td><td>२</td><td>७</td><td>१०</td><td>२३३</td></tr>
</table>

उपर्युक्त बमोजिम कुल २५३ कार्यक्रम मध्ये शुन्य प्रगती भएको १ वटा, २५ प्रतिशतसम्मको प्रगती भएको २ वटा, ५० प्रतिशतसम्म प्रगती भएका ७ र ७५ प्रतिशतसम्म प्रगती भएका १० वटा कार्यक्रमहरु रहेका छन । सालवसाली कार्यक्रमहरुको न्युन प्रगतीले सार्वजनिक निर्माण प्रभावकारी भएको देखिएन । निर्धारित ढाँचामा प्रगती विवरण तयार गर्नुपर्दछ । साथै बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतला◌इ जिम्मेवार बनाउनु पर्दछ ।

</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१४			**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २९ जना पदपूर्ती भएको देखिन्छ । पालिकाबाट प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित २४ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	
१५			**कर्मचारी करार –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाको दरवन्दीमा प्राबिधिक कर्मचारी ३ जना र २ जना कार्यालय सहयोगी कार्यरत छन भने ३० जना कार्यालय सहयोगीहरु करारमा राखि राजश्व बाँडफाँडबाट ७२ लाख ५४ हजार खर्च लेखेको छ । संगठन तथा ब्यवस्थापन सर्भे नगरी ठूलो संख्यामा कर्मचारी नियुक्त गरेको पाईयो । यसबाट पालिकालाई दीर्घकालीन आर्थिक भार पर्ने निश्चित छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले नेपाल सरकारको स्वीकृत दरवन्दी, आन्तरिक आय, स्थानीय सरकार संचालन ऐन र सेवा करार निर्देशिका समेतलाई विचार गरी संगठन तथा ब्यवस्थापन सर्भे तथा कामको विष्लेषण गरी दरवन्दी एकीन गरेर मात्र पद पूर्ति गर्ने ब्यवस्था हुनुपर्नेमा सो बमोजिम भएको छैन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१६			**कल्याण कोष –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले रु २३,००,०००.०० विनियोजन गरी यो वर्ष कार्यालय सहयोगी रामे कामी रु १,८०,०००।०० शसे कामी लाइ रु १,८०,०००.०० र आसे नेपाली लाइ १,२०,०००.०० गरी जम्मा ४,८०,०००.०० खर्च गरेको छ। ऐनको ब्यवस्था बमोजिम कोष खडा नगरी बार्षिक रुपमा विनियोजन गरी अवकाश प्राप्त कर्मचारीलाई अवकास सुविधा भुक्तानी गरेको देखियो । नियमानुसार कोष खडा गरि सुविधा प्रदान गर्नुपर्दछ ।	
१७			**स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१८</td><td></td><td></td><td>वडा सचिवको पदपूर्ति :
पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।
<table>
<tr><th>वडा संख्या</th><th>वडा सचिवको दरबन्दी</th><th>वडा सचिवको पदपूर्ति</th><th>रिक्त वडा सचिव</th><th>कैफियत</th></tr>
<tr><td>१३</td><td>१३</td><td>६</td><td>७</td><td>प्राविधिक र स्वास्थ्यकर्मीबाट संचालन</td></tr>
</table></td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>सेवाप्रवाहको स्थिति :
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्य गरी यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ :
<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>०</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td>६१३९</td></tr>
<tr><td>जन्मदर्ता</td><td>१६८६</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>२४७</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	विषय		बेरुजु रकम
			नागरिकता सिफारीस	७११	
			नाता प्रमाणित	१७४	
			सम्बन्धविच्छेद दर्ता	०	
			अन्य	३३२१	
			पूर्वाधार विकास सडक निर्माण		
			ट्र्याक कटिङ्ग	२६.७१	
			कालोपत्रे सडक निर्माण	०	
			कालोपत्रे सडक मर्मत	०	
			ग्राभेल सडक निर्माण	०	
			ग्राभेल सडक मर्मत	०	
			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२०			**योजना छनौट र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले नगरसभाबाट स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।	

रु १ लाख सम्म	**रु १ लाख देखि २ लाखसम्म**	**रु २ लाखदेखि ५ लाखसम्मका**	**रु ५लाख देखि १० लाखसम्मका**	**रु १० लाखभन्दा बढीको**	**जम्मा**
५४	२१	६६	३१	९१	२५३

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु १ लाख सम्मका ५४ वटा, २ लाख सम्मका २१ वटा ५ लाख सम्मका ६६ वटा ५ देखि १० लाखसम्मका ३१ वटा र १० लाख भन्दा बढीको ९१ गरी जम्मा २५३ वटा आयोजना संचालित छन । आयोजनाहरुमध्ये रु. १ लाख भन्दा मुनिका मात्र ५४ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका वितरणमुखी योजनाहरु संचालन गर्दा अपेक्षित उपलव्धि प्राप्त नहुने हुँदा पालिकामा उपलव्ध आर्थिक श्रोत तथा जनशक्तिबाट व्यवस्थापन गर्न सकिने प्राथमिकता प्राप्त आयोजनाहरु मात्र छनौट गरि कार्यान्वयन गर्नुपर्दछ ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२१			**कानून र सञ्चालन स्थिति –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २८ वटा ऐन, ८ वटा नियमावली, २९ कार्यविधि ५ वटा निर्देशिका, ५ वटा मापदण्ड र अन्य कानुन ३ लगायत ७८ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।	
२२			**न्यायीक समिति –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ३ र यो बर्ष थप भएको ३१ गरी ३४ वटा मुद्दा रहेकोमा यो वर्ष २१ वटा फछ्र्यौट भई १३ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२३			**आन्तरिक लेखापरीक्षण -** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको प्रदेश तर्फ र स्थानीय तहको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । साथै प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।	
२४			**स्वकीय सचिव र सल्लाहकार –** कर्णाली प्रदेशस्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । तर गाउँ/नगर प्रमुखको सचिवालयमा कार्य गर्नका लागि कार्यालय सहायकका रुपमा खरिदार स्तर तलब भत्ता भुक्तानी हुने गरी नियुक्त गरी मासिक रु २२,०१०।०० का दरले रु. २,९६,१३०।०० भुक्तानी भएको छ ।	
२५			**स्थानीय तहका पदाधिकारी सुविधा :**	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेशसंसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.१,२७,१९,९००।०० सुविधा र गत बर्षको रु ३१२००००। समेत रु १५८३९९००।०० भुक्तानी भएको छ ।	

सि. नं	विवरण	प्रमुख	उपप्रमुख	वडाअध्यक्ष 13 जना	कार्यपालिका सदस्य ८ जना	सभाका सदस्य ६९ जना	जम्मा
१	अनुगमनभत्ता	२१६०००	१६८०० ०	१२४८० ००	४८००० ०	१३८०० ००	३४९२० ००
२	यातायातखर्च	९६०० ०	८४०००	३९००० ०	२४००० ०	०	८१००० ०
३	टेलिफोन,मोबाइल	३६०० ०	३६०००	६०८४० ०	१४४०० ०	५५२०० ०	१३७६४ ००
४	पुस्तक,पत्रीका,	३६०० ०	३६०००	४६८०० ०	१४००० ०	५५२०० ०	१२३२० ००
५	विधुततथा	४८००	३६०००	२०२८०	४८०००	२७६००	६१०८०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय									बेरुजु रकम
				उर्जा	०		०		०	०		
			६	अतिथिसत्कार	६००००	६००००	७८००००	१४४०००	५५२०००	१५९६०००		
			७	खानेपानी/ बिजुली/	६००००	४८०००	३१२०००	१४४०००	२७६०००	८४००० ०		
			८	चाडपर्वखर्च	१५००००	१५०००	१९५००००	१२००००	६९००० ०	१०३५००००		
			९	नगर सभा । कार्यपालिका बैठकभत्ता	०	०	०	०	०	७०५८००		
			१०	बैठकभत्ता १३ वटा बडामा	०	०	०	०	०	१०२१९००		
				जम्मा	**५६७०००**	**४८३०००**	**४२०४२००**	**१४६००००**	**४२७८०००**	**१२७१९९००**		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२६			**आर्थिक सहायता–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले ८ हजार देखि २ लाख सम्म ३१ जनालाई यस वर्ष रु.८९५९५०।०० आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
२७			**अनुदान फिर्ता –** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७८ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु....	२४,६४१,२५८

अनुदान प्रदान गर्ने निकाय	**अनुदानको प्रकार**	**प्राप्त रकम**	**खर्च रकम**	**बाँकी रकम**
संघीय सरकार	शसर्त	३१७३८२७१०।००	२९२७४१४५२।००	२४६४१२५८।००
	विषेश	११६६९०००।००	१३६७६८३३।००	२००७८३३।०० बढी खर्च
	समपुरक	०।००	०।००	०।००

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
				अन्य	०।००	०।००	०।००		
				जम्मा	**३२९०५१७७१०।००**	**३०६४१८२८५।००**	**२२६३३४२५।००**		
			प्रदेश सरकार	शसर्त	१७७२९८८६।००	१७७२९८८६।००	०।००		
				विषेश	५१५६५५९।००	५१५६५५८।००	१।००		
				समपुरक	१०९१४६१३।००	१०९१४६१३।००	०।००		
				अन्य	०।००	०।००	०।००		
				जम्मा	**३३८०१०५८।००**	**३३८०१०५७।००**	**०।००**		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२८			**अनुदानको अनुगमन –** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको पाईएन । अनुदान वितरणको अनुगमन नगरेका केही उदाहरणहरु निम्नानुसार छनः **सि.नं.** | **कार्यक्रम** | **अनुदान रकम** १ | सोलार वितरण योजना | १४५०००० २ | चुलो वितर योजना | २००००० ३ | कृषक प्रोत्साहन कार्यक्रम | १००००० उपर्युक्त बमोजिम अनुदान वितरण भएकोमा निम्न बमोजिम पाईयोः क) पालिकाले अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन, ख) नाफामुलक सहकारी संस्थाहरु तथा फर्महरुलाइ अनुदान वितरण गरेको छ, ग) सम्झौता बमोजिम अनुदानको उपयोग सम्बन्धमा अनुगमन गरेको छैन, तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२९</td><td></td><td></td><td>महोत्सव तथा अन्य खर्च –
स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर पालिकाले यस वर्ष कुल रु ५००००० ।०० उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु ५००००० ।०० खर्च गरेको छ । नियम विपरीतका खर्च गर्ने परिपाटिमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>ठेक्का व्यबस्थापनः
सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । नगरपालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छः(रु.हजारमा)
<table>
<tr><th rowspan="2">कुल निर्माण खर्च</th><th colspan="2">सोझै खरिद</th><th colspan="2">बोलपत्र</th><th colspan="3">तेश्रो चौमासिकमा व्यवस्था भएको</th></tr>
<tr><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th><th></th></tr>
<tr><td>२४५३९५</td><td>१</td><td>४९४</td><td>७</td><td>४६२३७</td><td>३</td><td>३५९६४</td><td></td></tr>
</table>
पालिकाले ठेक्का ब्यवस्थापन पहिलो चौमासिकमा गर्नुपर्नेमा रु ३ करोड ५९ लाख ६४ हजारका ३ वटा ठेक्का तेस्रो चौमासिकमा गरेको छ । समयमै ठेक्का ब्यवस्थापन गरी कार्यान्वयन गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३१			**बार्षिक खरिद योजना/गुरुयोजना :** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने तथा नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु २४ करोड ५३ लाख ९५ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।	
३२			**सवारीसाधन खरिद –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । पालिकाले ३ थान दुई पाङ्ग्रे सवारी साधन खरिदमा रु ५७९८००।०० खर्च गरेको छ ।उक्त सवारी साधनको सरकारी नं. प्लेट र ब्लु बुक प्राप्त गरेको प्रमाण पेश गर्नुपर्ने रु.... <table><tr><th>सि.नं</th><th>सवारी साधन</th><th>संख्या</th><th>रकम</th></tr><tr><td>१</td><td>मोटरसाइकल</td><td>३</td><td>५७९८००।००</td></tr></table>	५७९,८००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३३			**आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.६५,००,०००.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७७।७८ मा रु. ७५,९३,२३६।०० अर्थात अनुमान भन्दा १६ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।	
३४			**आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७७।७८ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ । **केन्द्रिय अनुदानबाट खर्च**: ५२०१२२३४०।०० ; **आन्तरिक आय**: ७५९३२३६।०० ; **आन्तरिक आय प्रतिशत**: १.४६ उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.४६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
३५			**कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			देखिन्छ ।	

राजस्व संकेत	शिर्षक	आ व २०७५। ७६	आ व २०७६। ७७	लक्ष्य	प्रगति २०७७। ७८
	आन्तरिक राजश्व			**६५००**	**७५९३**
11313	सम्पति कर	0	0	१३००००००	1225000
11314	भुमिकर र मालपोत		215514	५०००००	18734
11315	घरजग्गा रजिष्टेशन दस्तुर अभिलेखिकरण	86018	51565	१०००००	58250
11321	घरबहाल कर	231294	205000	२०००००	218000
11456	बाँडफाडबाट प्राप्त हुने सवारी साधन कर	90000	0	०	0
11472	बाँडफाडबाट प्राप्त हुने घर जग्गा पास	0	0	०	73920

क्रम	भौचर नम्बर	भौचर मिति		बिषय							बेरुजु रकम
					कर						
				11632	जडिबुटी,कवाडी र जीब जन्तु कर	455000	0	०	0		
				14151	सरकारी सम्पतिको बहालबाट प्राप्त आय ।सम्पती भाडा	0	0	०	167800		
				14221	न्यायिक दस्तुर(न्यायिक समितिको समेत	23500	12345	२५०००	27000		
				14224	परीक्षा शुल्क	0	0	०	12000		
				14229	अन्य प्रशासनीक शुल्क(बोलपत्र फाराम बिक्री,समेत)	21000	699234	१२०००००	1271455		
				14243	सिफारिस दस्तुर	1471691	0	१२०००००	1226500		
				13344	ब्यक्तिगत घटना	340900	0	०	856700		

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
				दर्ता दस्तुर					
			14245	नाता प्रमाणित दस्तुर	325000	21523	१०००००	132400	
			14249	अन्य दस्तुर	976800	1543212	१७५०००	0	
			14529	अन्य राजश्व (माथिका अन्य शिर्षकमा नपरेका)	40000	1008767	१५०००००	1056575	
			14611	ब्यबसाय कर	248500	103000	२०००००	765000	
			15111	बेरुजु	865117	178300	०	483902	
			कुल जम्मा रकम		**5685455**	**4038460**	**६५०००००**	**7593236**	

पालिका ले यो वर्ष रु ६५००००० राजश्व असुलीको लक्ष्य निर्धारण गरेकोमा रु ७५९३२३६ अर्थात लक्ष्यको तुलनामा १७ प्रतिशतले बढी राजश्व असुली गरेको देखियो । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लेखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरा अभिबृद्धि गर्नुपर्दछ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३६</td><td></td><td></td><td>सम्पत्ति कर तथा अन्य आम्दानी :
कार्यालयले आन्तरिक आय अन्तर्गत सम्पत्ति कर अन्य व्यवसायीक कर, जे.सि.वि भाडा, सिफारिस दस्तुर लगायतका कार्यका लागि मेनुअल नगदि रसिद प्रयोग गर्ने गरेको पाईयो । उक्त रसिदहरुबाट प्राप्त आम्दानी परीक्षण गर्न पोष्टिङ गर्ने र वडागत आम्दानी छुट्टीने गरी आम्दानी अभिलेख राख्ने गरेको पाईएन । वडा कार्यालयहरु र शाखागत रुपमा प्राप्त हुने आम्दानी सोझै वैंक दाखिला भई आएको आधारमा वैंक नगदी कितावमा देखाएको पाइयो । पालिकाले राजश्व आम्दानीको शीर्षकगत खाता,राजश्व आम्दानीको दैनिक गोश्वारा खाता (म.ले.प.फा.नं.१०४), राजश्व आम्दानी दैनिक नगद प्राप्त गोश्वरा खाता (म.ले.प.फा.नं.१०६) र राजश्व आम्दानीको दैनिक वैंक भौचर प्राप्त गोश्वारा खाता (म.ले.प.फा.नं. १०७),लगायतका राजस्व आम्दानीको स्रेस्ता खडा गरी आम्दानीको अभिलेख राख्नु पर्नेमा सो सम्वन्धि अभिलेख राखेको छैन । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । गत विगतको आम्दानी तथा रसिद बाँकीको सम्बन्धमा एकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>राजश्व अभिलेख तथा दाखिला :
पालिकालाई प्राप्त राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाको १३ वटा वडा कार्यालय र नगरपालिकाको राजस्व शाखाबाट आम्दानी भएका रकमहरु राजस्वको काम गर्ने कर्मचारीले बैंकमा दाखिला गरेको आधारमा आम्दानी बाँध्ने गरेको पाइयो । नगद आम्दानी रकम दैनिक रुपमा तथा भोलिपल्ट समेत दाखिला नभइ दुरीको कारण ढिलो दाखिला हुने व्यहोरा जानकारी प्राप्त भएतापनि नगरपालिका कार्यालयवाट असुल भएका राजश्व समेत ढिलो गरी राजश्व दाखिला गरेको पाइयो । नियमानुसार समयमा दाखिला गर्न कार्यालयले ध्यान दिएको पाईएन ।कार्यालयवाट असुल भई ढिलो दाखिला भएका केही उदाहरण निम्नानुसार छनः
<table>
<tr><th>सि नं</th><th>महिना</th><th>असुल रकम</th><th>दाखिला मिति</th><th>दाखिला रकम</th><th>कैफियत</th></tr>
<tr><td>1.</td><td>श्रवाण</td><td>81170.00</td><td>2077/7/3</td><td>150000.00</td><td>साउन देखि असोज</td></tr>
</table></td><td></td></tr>
</table>

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति		बिषय							बेरुजु रकम
									सम्मको अंशिक दाखिला		
				2.	भाद्र	59105.00	2077/10/19	50000.00			
				3.	असोज	411269.00	2077/11/28	63140.00			
				4.	कार्तिक	58152.00	2077/12/23	123000.00			
				5.	मंसिर	65601.00	2078/3/21	679450.00			
				6.	पुस	395357.00	2078/3/21	439364.00			
				उल्लिखित विवरण अनुसार कार्यालयले साउन देखि असोजसम्मको राजश्व कार्तिक महिनामा दाखिला भएको छ । त्यस्तै अरु महिनामा समेत ढिलो दाखिला गरेको देखियो । राजश्व असुली समय मै दाखिला हुनुपर्दछ ।							

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३८</td><td></td><td></td><td>आन्तरिक राजश्व खातामा आर्थिक वर्षको अन्त्यमा निम्न बमोजिमको रु.४६४८८।– दाखिला गर्न बाँकी रहेको देखियो । उक्त रकम लेखापरीक्षण अवधिसम्म पनि संचित कोषमा दाखिला गरेको नपाईएको रु.
<table>
<tr><th>वडा नं</th><th>जिम्मेवार व्यक्ति व्यक्ति</th><th>रकम</th></tr>
<tr><td>७</td><td>श्री सन्तोष आले</td><td>४५५३।००</td></tr>
<tr><td>८</td><td>श्री लोकेन्द्र के सी</td><td>४१९३५।००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>४६४८८।००</td></tr>
</table></td><td>४६,४८८</td></tr>
<tr><td>३९</td><td></td><td></td><td>व्याकहो लोडर :
पालिकाले सडक निर्माण तथा मर्मतको लागि व्याकहो लोडर खरिद गरी संचालनमा ल्याएको छ । पालिकाले विभिन्न निर्माण कार्यको लागि प्रति घण्टा इन्धन वाहेक रु १९००।०० र ईन्धन समेत रु २२००।०० दरले भाडा निर्धारण गरी भाडामा दिने गरेको देखियो । व्याकहो लोडर भाडामा दिदा राजश्व शाखावाट नगदी रसिद काटी भाडामा लगाउने गरेकोमा भाडामा लिएको र फिर्ता आएको रेकर्ड लकवुक लेखापरीक्षणको समयमा पेश भएन । पालिकामा प्रयोग भएको र भाडामा दिंदा लाग्ने इन्धन तथा मर्मतको अभिलेख नराखेको कारण व्याकहो लोडरको वास्तविक आम्दानी तथा खर्चको विश्लेषण गर्न सकिएन । तसर्थ व्याकहो लोडरको प्रयोग, उपयोगिता, आम्दानी र खर्च र संचालन सम्बन्धमा विश्लेषण गरी संचालन विधि तयार गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४०</td><td></td><td></td><td>एम्वुलेन्सः
पालिकाले मिति २०७८।१।२६ मा रु. १०,४१,७८७।०० को एम्वुलेन्स खरिद गरी संचालनमा ल्याएको छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस वर्ष एम्वुलेन्स प्रयोग गरे वापत रु ४,६८,४००।०० आम्दानी देखाएको छ । एम्वुलेन्स भाडामा दिदा राजश्व शाखावाट नगदी रसिद काटी भाडामा लगाउने गरेकोमा एम्वुलेन्स गएको स्थान र फिर्ता आएको अभिलेख तथा लकवुक लेखापरीक्षणको समयमा पेश भएन । पालिकामा भाडामा दिंदा लाग्ने इन्धन तथा मर्मतको अभिलेख नराखेको कारण एम्वुलेन्सको वास्तविक आम्दानी तथा खर्चको विश्लेषण गर्न सकिएन । तसर्थ एम्वुलेन्सको प्रयोग, उपयोगिता, आम्दानी, खर्च र संचालन सम्बन्धमा विश्लेषण गरी संचालन विधि तयार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>भुक्तानीमा कर –
आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु ३७,४३,९७४।००अग्रिम समेत कट्टा गरेकोमा दाखिला समयमै दाखिला गरेको देखिएनः
<table>
<tr><th>त्र स</th><th>शिर्षक</th><th>चालु राजश्व वाँड फाँड</th><th>चालु शर्सत</th><th>जम्मा</th><th>बैक दाखिला भएको जम्मा</th><th>दाखिला गर्न बाँकी</th><th>समानीकरणपुजिगत</th><th>सर्शत पुजिगत</th><th>प्रदेश पुजिगत</th><th>जम्मा</th><th>बैक दाखिला भएको जम्मा</th><th>समानीकरण तर्फको बांकी</th></tr>
<tr><td>१</td><td>अग्रिम आयकर</td><td>४३११६८.००</td><td>३४२९८८.००</td><td>७७४१५६.००</td><td>११२५४०५.००</td><td>-३५१२४९.००</td><td>८२२२४३.००</td><td>८१३६९१.००</td><td>१४०१८१.००</td><td>१७७६११५.००</td><td>१८९७६१६.००</td><td>-१२१५०१.००</td></tr>
</table></td><td>३,७४३,९७४</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति		बिषय														बेरुजु रकम
				२	बहाल कर	९६७५०.००	३९०९४.००	१३५८४४.००	१२३३४४.००	१२५००.००	१९६०७८३.००	३३७२४१.००	६६५७७६.००	२९६३८००.००	१९८९५५३.००	९७४२४७.००		
				३	घर बहाल अन्य बहाल कर	१६९१९६.००	२४००.००	१७१५९६.००	०.००	१७१५९६.००	३२४३०७.००	५४२५.००	१०९९९१.००	४३९७२३.००	०.००	४३९७२३.००		
				४	पारिश्रमिककर	५५२५६२.००	१७३८२४.००	७२६३८६.००	७०९०२८.००	१७३५८.००	२१८२८.००	१८९१५४.००	०.००	२१०९८२.००	२५१२८.००	१८५८५४.००		
				५	सा सु कर	२४९६०८.००	१४७७८७९.००	१७२७४८७.००	१०८६४७३.००	६४१०१४.००	६१८०.००	२५२८२५.००	०.००	२५९००५.००	३६७०१.००	२२२३०४.००		
				६	मु अ कर	२०१५०.	२८६६५.	४८८१५.०	०.००	४८८१५.००	१५३३६६	१६५०४२	३१६८०३.	३५००८८७.	२०१६३७४.	१४८४५१३.०		

क्रम	भौचर नम्बर	भौचर मिति		बिषय														बेरुजु रकम
						००	००	०			३.००	१.००	००	००	००	०		
				७	सचय कोष	२३२५११४.००	२४९६२४०.००	४८२१३५४.००	४८२१३५४.००	०.००	०.००	०.००	०.००	०.००	०.००	०.००		
				८	विमा	२९६०००.००	२५१२००.००	५४७२००.००	५४७२००.००	०.००	०.००	०.००	०.००	०.००	०.००	०.००		
				९	नालकोष	३३८४०.००	४६५००.००	८०३४०.००	८०३४०.००	०.००	०.००	०.००	०.००	०.००	०.००	०.००		
				१०	योगदानमा आधारित कोष	९३१२३४.००	०.००	९३१२३४.००	९३१२३४.००	०.००	०.००	०.००	०.००	०.००	०.००	०.००		
				१२	अन्यकट्टी	०.००	०.००	०.००	०.००	०.००	११३००.	०.००	०.००	११३००.००	०.००	११३००.००		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय													बेरुजु रकम
										००						
			१३	आकस्मिक लाभ	०.००	०.००	०.००	०.००	०.००	७५००.००	०.००	०.००	७५००.००	०.००	७५००.००	
				जम्मा	**५१०५६२२.००**	**४८५८७९०.००**	**९९६४४१२.००**	**९४२४३७८.००**	**५४००३४.००**	**४६८७८०४.००**	**३५९५११२.००**	**१२३२७५१.००**	**९५१५६६७.००**	**५९६५३७२.००**	**३२०३९४०**	
			उपर्युक्त बमोजिम संघीय सशर्त तर्फको रु ५४००३४ र वित्तीय समानीकरण तर्फको रु ३२०३९४०।०० समेत रु ३७४३९७४।०० समयमा दाखिला नगरेकोले सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाई समयमै सम्बन्धित राजश्व शिर्षकमा दाखिला गर्नुपर्ने रु													

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४२</td><td></td><td></td><td>धरौटी कट्टी -
गो.भौ.नं. २५।२०७७।१०।२९ पालिकाले सामुदायिक स्वास्थ्य भवन निर्माणवापतको भुक्तानीमा कट्टी गरेको तपसिल बमोजिमको धरौटी रकम दाखिला गरेको पाईएनः
<table>
<tr><th>क्रसं</th><th>निर्माण ब्यवसायी</th><th>कट्टी रकम</th><th>प्रयोजन</th></tr>
<tr><td>१</td><td>नहकुली निर्माण सेवा एण्ड सप्लायर्स</td><td>११५६१४</td><td>सामुदायिक स्वास्थ्य भवन</td></tr>
<tr><td>२</td><td>श्री कृष्ण कन्सट्रक्सन</td><td>११३५६७</td><td>सामुदायिक स्वास्थ्य भवन</td></tr>
<tr><td>३</td><td>श्री जनसरोकार सप्लायर्स</td><td>११७१७४</td><td>सामुदायिक स्वास्थ्य भवन</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३४६३५५</td><td></td></tr>
</table>
उपर्युक्त बमोजिम निर्माण धरौटी कट्टा गरेकोमा धरौटी खातामा आम्दानी बाँधेको नदेखिएकोले जिम्मेवार बनाई आम्दानी बाँध्नुपर्ने रु....</td><td>३४६,३५५</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४३			**प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको उपभोक्ता बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नमर्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नमर्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।	
४४			**लागत सहभागिता —** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।	
४५			**उपभोक्ता समितिबाट कार्य गराउने कार्यविधिः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धि सेवा प्राप्त गर्दा मितव्ययी , गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उदेश्य नै रोजगारी सृजना र लाभग्राही समुदायनै सहभागि भएमा त्यस्तो काम उपभोक्ता समिति मार्फत गराउन सकिने व्यवस्था छ । साथै लागत अनुमान तयार गर्दा सहभागितामुलक तरिकाले काम हुन सक्ने आयोजनाको सोहि बमोजिम र नसक्ने आयोजनाको प्राविधिकको पुष्ट्यांई सहितको	

https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सिफारिसका आधारमा मात्र मेसिनरी उपकरणको प्रयोग गरी कार्य गराउन पर्ने व्यवस्था छ । त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ ले उपभोक्ता समितिवाट काम गराउने व्यवस्था र कार्यविधि तोकेको छ । नियम ९७(२) ले र उपनियम ३ अनुसारको व्यहोरा खुलाई सम्झौता गर्नुपर्ने उपनियम ५ अनुसार सम्झौता पश्चात भुक्तानीको व्यवस्था गरेको छ । उपनियम १० बमोजिम उपभोक्ता समितिले पाएको काम कुनै सव कन्ट्राक्टर तथा निर्माण व्यवसायीबाट गराउन नपाउने, उपनियम १२ ले सम्पन्न आयोजना हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ ।यस नगरपालीकाबाट आर्थिक वर्ष २०७७।७८ मा सञ्चालन गरेका सडक निर्माणसँग सम्वन्धित आयोजना मध्येवाट केही आयोजनाको फाईल परीक्षण गर्दा निम्न व्यहोरा देखिएका छनः
क) स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १३(१) मा गाँउपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनका लागि निर्माण सामाग्री, ज्याला तथा महसुलको स्थानिय न्युनतम दररेट तोक्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले आफ्नो क्षेत्र भित्रको लागि यस्तो दररेट तोकेको पाईएन । दररेट नतोकेको अवस्थामा जिल्लाले निर्धारण गरेको दररेटलाई अधार लिई लागत अनुमान तयार गरी काम गराई रहेको पाईयो ।
ख) आयोजना छनौट पूर्व आयोजनाको कुल लागत अनुमान तयार तथा बिशलेषण नगरि नगरसभाबाट विनियोजित बजेटको आधारमा आयोजनाको लागत अनुमान तयार गरि सोही अनुसार कार्यान्वयन गरिएको छ।
ग) लागत अनुमान तयार गर्दा मेशिनवाट काम गराउनु पर्ने प्रर्याप्त प्राविधिक पुष्ट्याँई र सिफारिस बेगर ठूला मेशिनरीको प्रयोग भएको छ । जिल्लाको दर रेट अनुसार प्रति घन मिटरको दर निर्धारण गरि सोही दरमा उपभोक्ता समितिले बिभिन्न निर्माण व्यावसायी तथा मेशिन धनी सँग मेशिन भाडामा लिई काम गराई भूक्तानी गरेको छ । यसले उपभोक्ता समिति आफै काम नगरी भुक्तानीको माध्यम मात्र बनेको अवस्था देखिएको छ।
घ) प्राबिधिकले तयार गरी स्रेस्तासाथ राखेको दर बिश्लेषण अनुसार उच्च क्षमताको मेशिनवाट न्यून क्षमताको मेशिनले भन्दा प्रति घन मिटर काम छिटो र धेरै हुने हुंदा प्रति घन मिटरको लागत दर स्वाभाबिक रुपमे धेरै भएता पनि अन्तत कुल लागत रकममा धेरै अन्तर नआउने देखिन्छ । कार्यालयले निम्न क्षमताका मेशिनको प्रयोगमा निम्नानुसारको दर कायम गरी कार्य गरेको छ
<table>
<tr><th>सि न</th><th>कामको विवरण</th><th>प्रति घन मिटरमा विभिन्न मेशिनरीलाई हुने</th></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

		भुक्तानी दर			
		१२० सिसि	२१०-२२० सिसि	३२० सिसि	
1	Soft soil cutting for exavator@90 cu.m/hr	४६.६७	७०	९३.३३	
2	Hard soil cutting for exavator@70 cu.m/hr	६०	९०	१२०	
3	Ordinary rock cutting for rock breker/exavator@25 cu.m/hr	२१०	२९४	३७८	
4	Medium rock cutting for rock breker/exavator@15 cu.m/hr	३५०	४९०	६३०	
5	Ordinary rock cutting for rock breker/exavator@10 cu.m/hr	५२५	७३५	९४५	
6	Land slide clearence in soil @110 cu.m/hr	३८.१८	५७.२७	७६.३६	
7	Land slide clearence in hard soil @80 cu.m/hr	५२.५०	७८.७५	१०५	
8	Land slide clearence in ordinary rock @60 cu.m/hr	७०	१०५	१४०	

ङ) स्थानीय तहमा धेरै जसो निर्माण कार्य उपभोक्ता समितिवाट हुने र निर्माण भएका सडकमा अधिकांश निर्माण कार्यमा उपभोक्ता समितिले हेभी मेशिनको प्रयोग गरी काम सम्पन्न गरेको देखियो । उपभोक्ता समितिले पेश गरेका बिल तथा कागजात बाट मेशिनको

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			क्षमता नखुले पनि थेरै जसो उपभोक्ताले २१०-२२० सिसि का उपकरणको दर रु ६३०० अनुसार भुक्तानी गरेको देखियो । यसवाट साना क्षमताका मेशिनको प्रयोग गरी ठूला क्षमताका मेशिनको दरवाट भुक्तानी हुन सक्ने , ठूला क्षमताका मेशिनले गर्ने काम र साना क्षमताका मेशिनको काम एउटै दरमा भुक्तानी हुन सक्ने ,वातावरणिय दृष्टिले पनि जोखिम पूर्ण हुने देखिएकोले यसमा स्थानीय तहले वास्तबिक व्यहोरा छानबिन गरी प्रयोगमा ल्याएको लागत दर एकिन गरि भुक्तानीमा आश्वस्त पार्नु पर्दछ । यसका केहि उदाहरण निम्न छनः	

क्र स	भौ न	उपभोक्ता समितिको काम	जम्मा लागत रकम	मेशिनरी को प्रयोग रकम	**निर्माण ब्यवसायी**
1	२७।२०७८।३।२९	गर्छिना सिस्ने पाल्त कयदह	२६८९७६७	२६१४५००	जयन्ती निर्माण सेवा
2	२८।२०७८।३।२९	जोगीना धारा भेरी खर्क मान्मचौर सडक निर्माण	११७२९४६।७३	९८५२७५	नलगाढ कन्सट्रक्सन

च) आयोजनाको अन्तिम भुक्तानी गर्दा अनुगमन समितिको प्रतिबेदनको बिस्तृत बिवरण संलग्न नगरी सामान्य अनुगमन भएको भन्ने व्यहोराको प्रतिवेदनको आधारमा भुक्तानी गरेको छ ।

छ) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सडक इन्भेन्टरी तयार नगरेको अवस्थामा एउटै सडकमा पटक पटक निर्माण र विस्तार भनि बजेट विनियोजन गरी खर्च गरेको अवस्थामा उक्त सडकको पुर्वाअवस्था सम्बन्धमा तुलनात्मक आधार रहेको छैन ।

ज) सार्वजनिक खरिद नियमावली बमोजिम १० लाख भन्दा बढिको निर्माण कार्यको वीमा गराउनुपर्नेमा उपभोक्ता समितिमार्फत गरेको कुनै पनि कार्यको विमा गराएको छैन ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			झ) उपभोक्ता वा लाभग्राहीको सहभागिता गराई वातावरणमैत्री तथा रोजगारी सृजना गर्ने उदेश्य अनुरुप निर्माण कार्य हुन पर्नेमा ठुला मेसिन उपकरणको प्रयोगले बातावरण बिनास तथा प्राकृतिक समस्या बाढी पहिरोको जोखिममा बृद्धि हुन गएको र रोजगारी सृजना नभएको अवस्था छ ।	
४६			**शिक्षक दरवन्दी र पदपूर्ति** – यस नगरपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ७१ सामुदायिक विद्यालयहरुमा ११५१५ जना विद्यार्थी रहेकोमा शिक्षक दरवन्दी १४६ जना, राहत ५५ जना, अनुशिक्षण २० जना र पालीका अनुदानबाट १४ जना समेत २३५ जना रहेको पाईयो ।	
४७			**तलव भुक्तानी** - कार्यक्रम कार्यान्वियन पुस्तिका २०७७।७८ को खण्ड २ को वुँदा नं ५ मा व्यवस्था भए अनुसार विद्यालयले शिक्षक र कर्मचारीको तलव भत्ता वैंक मार्फत भुक्तानी हुने व्यवस्था मिलाउने साथै चौमासिकको पहिलो महिनामा ४ महिनाको लागि नियमानुसार आवश्यक तलव भत्ता स्थानीय तहमा माग गर्ने र सोको आधारमा विद्यालयले निकासा प्राप्त गरे पश्चात शिक्षकको तलव भत्ता नियमानुसार मासिक रुपमा भुक्तानी हुने व्यवस्था मिलाउनु पर्नेमा सोको कार्यान्वय भएको देखिएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४८			**वाल विकास -** शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यन्वयन पुस्तिका आव २०७७/०७८ को खण्ड-२ स्थानीय तहबाट सम्पादन हुने शसर्त अनुदानका सव-वजेट उपशिर्षकहरुका कार्यक्रम कार्यन्वयन प्रकृया एवं मापदण्डको क्रियाकलाप नं. 2.7.13.8 मा प्रति विद्यार्थि इकाइ लागतका आधारमा प्रारम्भिक वाल विकासको लागि प्रति विद्यार्थी वार्षिक रु.500 का दरले अनुदान दिने व्यवस्था छ । साथै उक्त पुस्तिकामा सम्वन्धित विद्यालयले शैक्षिक तथ्यांक भर्दा प्रारम्भिक वालकक्षाको तथ्यांक अनिवार्य रुपमा भर्ने व्यवस्था छ । यस नगरपालिकाले प्रारम्भिक वाल विकास वापत विद्यार्थिका लागि प्रति विद्यार्थी रु.500/- का दरले निकासा भएको छ । IEMIS report मा ११०५ जना प्रारम्भिक वाल विकासका विद्यार्थि रहेकोमा पालिकाले अनुगमन गरी विद्यालयमा भर्ना भएका वास्तविक विद्यार्थिको आधारमा अनुदान दिनुपर्नेमा शैक्षिक तथ्यांक (IEMIS) मात्र आधार मानी विद्यालयलाई निकासा दिएको छ । पालिकाले नियमित अनुगमन गरी विद्यालयवाट प्रमाणित माग फारामका आधारमा वास्तविक विद्यार्थिको संख्या एकिन गरी निकासा हुने व्यवस्था गर्नुपर्दछ ।	
४९			**सेनीटरी प्याड खरिदः** २३३ / २०७८।३।१८ बाट विद्यालय स्वास्थ्य अर्न्तगत विद्यालयलाई वितरण गर्न रु ६० का दरले ७३५० थानको रु= ५,०९,९२०।०० को स्यानिटरी प्याड शिशिर मेडिको फर्मा नेपालगञ्ज वाँकेवाट खरिद गरेको पाइयो । सो सम्वन्धमा निम्न व्यहोरा देखियोः क. खरिद भएका स्यानिटरी प्याडको गुणस्तर परिक्षण गरेको प्रमाण संलग्न छैन, ख. लकडाउनको समयमा विद्यालय खुल्ने सुनिश्चता नभई सामान खरिद उचित देखिएन, ग. खरिद भएका सेनिटरी प्याड विद्यालयलाई हस्तान्तरण गरेको प्रमाण संलग्न नभएकोले सम्वन्धित लाभग्राहीलाई समक्ष पुगे नपुगेको आश्वस्त हुने अवस्था देखिएन ।	
५०			**नर्म्स भन्दा वढी खर्चः**	७३,७००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ को वुँदा नं २.५ (४) वमोजिम तालिम केन्द्रवाहेक अन्य निकायवाट सञ्चालित सवै प्रकारका तालिमका श्रोत व्यक्ति/प्रशिक्षकको पारिश्रमिक वापत एउटा कक्षाको अवधि कम्तिमा १ घण्टा ३० मिनेट हुनु पर्ने र कार्यपत्र कम्तिमा ७५० शव्दको प्रवन्ध हुनुपर्ने उल्लेख छ । पालिकावाट संचालन भएका निम्न कार्यक्रममा सो अनुसार नभएको देखिएको असुल हुनुपर्ने रु	

भौ नं र मिति	**कार्यक्रम को नाम**	**कार्यक्रम संयोजक**	**भुक्तानी भएको**	**हुनुपर्ने**	**वढी भुक्तानी**	**कैफियत**
५३६। ०७८।२।६	वाल क्लव सचेतना	श्री वलविर वि क	२७०००	११००	२५९००	१ दिनको कार्यक्रम मिति २०७७ फागुन १३ कार्यक्रमको लागि सहभागि संख्या ८० रहेकोमा ४ जनाले ४।४ कक्षाका दरले जनाले सहयोगीको कर्मचारी २ जनाले ८।८ सेसन भनी ९०० का दरले भुक्तानी भएको १ दिनर दर ४०० हुनुपर्नेमा सेसन भएको, सहयोगीलाई प्रति सेशन भत्ता दिन नमिल्ने । थप ३ जना सहयोगीलाई

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
									३०० का दरले भुक्तानी भएको । नर्म्स अनुसार प्रति दिन १५० का दरले मात्र दिन सकिने ।		
			६६२।७८।३१८	आधारभूत तह शिक्षा उर्त्तिण परीक्षा संचालन तथा व्यवस्थापन	श्री वलविर वि क	१५००००	१०२२००	४७८००	विद्यालयले उपलव्ध गराएको विवरण अनुसार पालिका भित्र कक्षा ८ मा अध्ययन गर्ने विद्यार्थीको संख्या १०१२ मात्र रहेकोमा कक्षा ८ को ग्रेड सिट र मुल प्रमाण पत्र छपाई प्रति सिट रु ५० प्रतिका दरले १५०० छपाई भएको, बढी छपाई ४८८ प्रति ।		
			जम्मा					**७३७००**			

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५१			**कोविड १९ का कारण उत्पन्न परिस्थितिको सिकाई सहजीकरणः** गो.भौ.नं. १८७।२०७८।२।२६ वाट कोविड १९ को विषम परिस्थितिमा सार्वजनिक विद्यालय र सामुदायिक वाल विकास समेत लागि विद्यालयमा प्रति विद्यार्थी रु २०० का दरले मास्क, सेनिटाइजर, हेन्डवास लगायतका सामाग्री खरिद गर्न ७१ विद्यालयलाई रु= २३,१०,०००।०० निकासा भएकोमा IEMIS ले देखाएको तथ्यांकलाई आधार मानी निकासा दिएको छ ।विद्यालय आउने विद्यार्थी संख्याको आधारमा निकासा हुनु पर्दछ । ढिलो गरि विद्यालयलाई निकासा दिएकोमा २०७८ भाद्र देखि विद्यालय खुल्ला भएको अवस्थामा उक्त रकम सम्वन्धि क्षेत्रमा खर्च भएको सुनिश्चता हुने प्रतिवेदन पेश गर्नुपर्नेमा गरेको छैन । पालिकाले निकासाको सही सदुपयोग सम्वन्धमा अनुगमन गर्नु पर्दछ ।	
५२			**कोविड १९ का कारण उत्पन्न परिस्थितिको सिकाई सहजीकरणः -** गो.भौ.नं. २४६।२०७८।३।२१ वाट कोविड १९ को विषम परिस्थितिमा विद्यालयहरुमा कक्षा ४ देखि १२ सम्ममा अध्ययनरत विद्यार्थिको संख्याको आधारमा अनलाईन कक्षा संचालन गर्न ईन्टरनेट सुविधाका लागि प्रति विद्यार्थी रु १२५ का दरले ३ महिनाको लागि विद्यार्थि संख्याको आधारमा विद्यालयहरुमा अध्ययनरत विद्यार्थिहरुलाई रु १७६२५६०।०० निकासा दिएको देखियो । सो सम्वन्धमा देखिएका व्यहोरा निम्न छनः	
५२.१			ढिलो गरि विद्यालयलाई निकासा दिएकोमा २०७८ साउन देखि विद्यालय खुल्ला भएको अवस्थामा उक्त रकम सम्वन्धि क्षेत्रमा खर्च भएको सुनिश्चता सम्बन्धमा विश्वस्त हुन सकिएन ।	
५२.२			यस पालिको अधिकाशं क्षेत्रमा इन्टरनेट र मोवाइल डाटा समेत नचल्ने अवस्थामा सम्वन्धित सेवाग्राहीले उक्त सुविधा प्राप्त गरे नगरेको अनुगमन हुनुपर्दछ । सम्वन्धित शिर्षकमा खर्च नभएमा निकासा भएको रकम सम्वन्धीत विद्यालयवाट फिर्ता हुनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५२.३			पालिकाले उपलव्ध गराएको शैक्षिक तथ्यांक अनुसार कक्षा ४ देखि १२ सम्म अध्ययनरत विद्यार्थिको संख्या ७६५० रहेको देखिन्छ। उक्त तथ्यांक अनुसार विद्यालयमा २ महिनाको रु १६६२५०० मात्र निकासा हुनुपर्नेमा रु १७६२५६०।०० भुक्तानि दिएको देखिएकोले वढी रकम असुल हुनुपर्ने रु....... **क्रम** | **कर्मचारीको/फर्म/संगठन नाम** | **असुली रकम** ५२.३.१ | शिक्षा संयोजक | १,००,०६०	१००,०६०
५३			**वढी निकासाः** विरेन्द्र हिमालय मा.वि.ले प्रथम चौमासिक निकासा माग गर्दा नि.मा.वि. तृतिय पदमा कार्यरत श्री पदमराज गौतमको गत आ व को ४५ दिनको तलव छुट भनी निकासा रु ८१६५ मा रु ८३ कर कट्टि भई रु. ८१८२।०० माग भएको र सोही अनुसार निकासा भएको देखिएकोले वढि निकासा भएको महिना र कारण सहितको प्रमाण पेश हुनुपर्ने रु.......	८,१८२
५४			**औषधी खरिद** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । यस कार्यालयबाट शशर्ततर्फबाट रु.१५०००००।०० र निशर्त अनुदानबाट रु.५०००००।— समेत २००००००।०० बराबरको 38 प्रकारको औषधि स्वास्थ्य चौकी र प्राथिमक स्वास्थ्य चौकीलाई ६२ प्रकारको औषधी खरिद गरेकोमा रु.5 लाख भित्र रही खुला कोटेसनबाट खरिद गरेको पाईयो । तसर्थ वोलपत्र विधी तथा राष्ट्रियस्तरमा प्रकाशित सूचनाको विक्रि मूल्य आधार अपनाई खरिद कार्यलाई मितव्ययी बनाउन ध्यान दिनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५४.१			सार्वजनिक खरिद नियमावलीको २०६४ नियम ९ अनुसार खरिद गर्दा लागत अनुमान तयार नगरी ३ वटा आपूर्तकवाट दररेट लिई ती मध्ये कै सवभन्दा कमदर पेश गर्ने आपूर्तकवाट औषधी खरिद गरेको देखियो । कार्यालयले लागत अनुमान नै तयार नगरी सोझै आपूर्तकवाट समान खरिद गरिदा मूल्यमा विश्वनियता कायम हुन सक्ने देखिएन ।	
५४.२			आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।	
५४.३			औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने गरेको छैन ।	
५४.४			औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको पाइयो। तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५५			**वाख्रा वितरणः** संघिय सरकारवाट प्राप्त अनुदानवाट वाख्रापालनका लागि भगवती बाख्रापालन समुहलाई रु १४३२५००।०० भुक्तानी दिएको देखियो । सो सम्वन्धमा देखिएका व्यहोरा निम्न छनः • समुहले पेश गरेको विल भरपाई अनुसार २०० वटा वाख्रा र ६ वटा वोका खरिद गरी वितरण गरेको देखियो । वितरण गर्दा किसानको मागको आधारमा समानुपातिक वितरण हुनुपर्नेमा सो बमोजिम वितरण गरेको पाईएन । • खरिद भएका वोका र वाख्राको निरोगिता तथा प्रजनन् क्षमताका सम्वन्धमा पशु चिकित्सकवाट प्रमाणित भएको प्रमाण संलग्न नभएकोले खरिद भएका बोका र बाख्राको स्वास्थ्य गुणस्तर सुनिश्चित गर्ने आधार पेश भएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५६			**प्रधानमन्त्री रोजगार कार्यक्रम –** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट गरेको, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्वेश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका विद्यालयहरु निर्माण तथा मर्मत, गोरेटो, घोडेटो बाटो निर्माण तथा मर्मत र विद्यालय फिल्ड निर्माण कार्य लगायतका ५२ वटा आयोजना तथा कार्यक्रमहरुका लागि रु २५२०८००० बिनियोजन गरेकोमा यस वर्ष ४७३ जनालाई रोजगारी उपलव्ध गराई रु २,३५,१७,५८२।०० खर्च गरेको छ । लक्षित वर्गलाई १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च गरेको देखियो । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५७</td><td></td><td></td><td>बिनियोजनभन्दा वढी खर्च –
आर्थिक कार्यविधि नियमावली, २०६४ मा सीमा नाघी खर्च गर्न नहुने उल्लेख छ । तर यस पालिकाले देहाय अनुसारको शिर्षकमा विनियोजन गरेभन्दा रु. २० लाख ७ हजार ८३३ बढी खर्च गरेको छ । निर्धारित बजेटको सिमा नाघि खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>शीर्षक</th><th>विनियोजित रकम</th><th>खर्च भएको रकम</th><th>बढी खर्च भएको रकम</th></tr>
<tr><td>१</td><td>विषेश अनुदान</td><td>११६६९०००।०</td><td>१३६७६८३३।०</td><td>२००७८३३।००</td></tr>
</table>
यसरी विनियोजन भन्दा बढि खर्च भएको रकम नियमसंगत नदेखिएको रु....</td><td>२,००७,८३३</td></tr>
<tr><td>५८</td><td></td><td></td><td>बिल बेगर भुक्तानीः
कार्यालयले ठेक्का नं. २। २०७६।७७ आधारभुत स्वास्थ्य केन्द्र निर्माणका लागि रु ३८८५४७७ लागत अनुमानको कार्य मिति २०७७.३।१५ मा सम्पन्न गर्नेगरी मिति २०७६।९।२४ मा श्री कृष्ण कन्सट्रक्सनसंग सम्झौता गरेकोमा गो.भौ. नं. २७।२०७७।१०। २६ बाट पहिलो रनिङ्ग विलवापत रु २४४४४१३।०० भुक्तानी गरेकोमा ठेकक्का विल वेगर भुक्तानी गरेको देखियो । यसरी ठेक्का विल वेगर भुक्तानी दिएको नियमसंगत नदेखिएको रु...</td><td>२,४४४,४१३</td></tr>
<tr><td>५९</td><td></td><td></td><td>पूर्व निर्धारित क्षतिपूर्तिः
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईका कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी प्रति दिन सम्झौता रकमको शुन्ना दशमलब शुन्ना पाँच प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । कार्यालयले निर्माण व्यवसायीबाट सम्झौता अनुसारको काम थप म्याद भित्र समेत सम्पन्न नगरेको अवस्थामा सार्वजनिक खरिद ऐन र नियमावलीमा भएका उल्लेखित व्यवस्था अनुसार एकिन गरी पुर्व निर्धारित क्षतीपुर्ती लिनुपर्ने देखिएको रु.....</td><td>८२२,२०६</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय									बेरुजु रकम
			ठे.नं.	निर्माण कार्य	निर्माण ब्यवसायी	सम्झौता रकम	सम्झौता मिति	म्याद थप भएको मिति	कार्यसम्पन्न भएको मिति	कार्यसम्पन्न ढिला गरेको दिन	क्षतिपूर्ति रकम	
			३। २०७६। ७७	वडा नं ९ आधारभुत स्वास्थ्य केन्द्र	गणेश निर्माण सेवा	३८८५४७७	२०७६।९। २४	२०७७। ९।१५	२०७७। १२।१०	८५ दिन	१६५१३२	
			८। २०७६। ७७	वडा नं १० आधारभुत स्वास्थ्य केन्द्र भवन ध्यारगाउँ	जनसरोकार निर्माण सेवा एण्ड सप्लायर्स	३८११६९ ९।१२	२०७७।१। ५	२०७७। ९।१५	२०७८। ३।१६	१८१	३८११६९	
			४। २०७६। ७७	वडा नं १२ आधारभुत स्वास्थ्य केन्द्र भवन	वाला त्रिपुरासुन्दरी निर्माण सेवा	३८८५९९ ९।००	२०७६।९। २४	२०७७। ९।१५	२०७८। २।७	१४२	२७५९०५	
				जम्मा							**८२२२०६**	

क्रम	**कर्मचारीको नाम**	**असुली रकम**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय				बेरुजु रकम
			५९.१	गणेश निर्माण सेवा	१,६५,१३२		
			५९.२	जनसरोकार निर्माण सेवा एण्ड सप्लायर्स	३,८१,१६९		
			५९.३	वाला त्रिपुरासुन्दरी निर्माण सेवा	२,७५,९०५		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६०			**कार्यालय भवन निर्माणमा उपभोक्ता समितिः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धि सेवा प्राप्त गर्दा मितव्ययी , गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उदेश्य नै रोजगारी सृजना र लाभग्राही समुदायनै सहभागि भएमा त्यस्तो काम उपभोक्ता समिति मार्फत गराउन सकिने व्यवस्था छ । यो वर्ष नगरपालीकाले निम्न वडा कार्यालय भवनहरु निर्माण समेत उपभोक्ता समितिमार्फत गराएको पाईयोः	

सि.नं.	योजना	लागत अनुमान	स्थानीय तह	जनश्रमदान
१	५ नं. वडा कार्यालय भवन	४१३४३०६	३५०००००	६३४३०६
२	८ नं. वडा कार्यालय भवन	६३६५२२६	५५०००००	८६५२२६
३	१ नं. वडा कार्यालय भवन	३१०००००	२८०००००	५४६५२६

उपर्युक्त निर्माण कार्यको फाइल परीक्षण गर्दा देखिएका ब्यहोराहरु निम्नानुसार छनः

क) वडा कार्यालय भवनका लागि हरेक वर्ष छुट्टा छुट्टै लागत अनुमान गराइ निर्माण कार्य गरेको देखियो,

ख) कार्यालय भवन निर्माणमा जनसहभागीता को अंश देखाइ लागत अनुमान तयार गरेको देखियो,

ग) कार्यालय भवनको विस्तृत आयोजना प्रतिवेदन बमोजिमको लागत अनुमान लाइ टुक्र्याइ हरेक बर्ष उपभोक्ता समितिमार्फत काम गराएको देखियो ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६१			**कार्यालय भवन निर्माण –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु.१ करोडसम्म लागत अनुमान भएको सोही आर्थिक वर्ष भित्र सम्पन्न गर्न सकिने निमार्ण कार्य मात्र सम्बन्धित उपभोक्ता समितिबाट गराउन सकिने तथा उक्त लागतमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था छ । तर पालिकाले रु. १०९७६१७३।९४ लागत अनुमान भएको कार्यालय भवनको भुईतला निर्माणको कार्य उपभोक्ता मार्फत गराई ०७६।७७ मा रु ८३,९५,६४७।८४ को कामको भुक्तानी गरी अधुरै कार्यको कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखियो । कार्यालयले माथिल्लो तलाको निर्माण कार्यको लागि ठेक्का नं. ९। २०७६।७७ बाट सन्तोष निर्माण सेवासंग मिति २०७७।३।१४ मा मिति २०७८ पौष मसान्तमा कार्य सम्पन्न गर्ने गरी रु १,०३,१४,४७८।०५ मा सम्झौता गरेको फाईल परीक्षण गर्दा देखिएका ब्यहोराहरु निम्नानुसार छनः क) उक्त भवन निर्माण कार्यमा यो वर्ष रु ७० लाख विनियोजन गरेकोमा २ वटा रनिङ्ग विलबाट रु ५२०७०००।०० भुक्तानी गरेको छ । ख) भवन निर्माण कार्यको म्याद थप भइ कार्यसम्पन्न गर्नुपर्ने अवधि २०७८ पौष मसान्त रहेकोमा कार्यसम्पादन जमानतको म्याद २०७९।४।८ सम्म मात्र रहेको देखियो ।नियमानुसार थप म्यादको कार्यसम्पादन जमानत लिनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६२			**कन्टिन्जेन्सी खर्चको अभिलेख :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट रु ३०००००० कट्टी गरेको छ । कार्यालयले आ.व २०७७।७८ मा कन्टीन्जेन्सी खर्च रु २९,८८,९४८।०० गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख राखी आयोजनासंग सम्बन्धित अनुगमन मुल्यांकन खर्च मात्र मितव्ययी तवरले खर्च गर्ने ब्यवस्था मिलाउनु पर्नेमा कन्टिन्जेन्सी खर्चको आयोजनागत अभिलेख नराखी खर्च गरिनु उचित देखिएन ।	
६३			**कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन।	
६४			**विस्तृत आयोजना प्रतिवेदन** – बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना विस्तृत आयोजना प्रतिवेदन लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ: **क्र स** | कार्यक्रमको नाम | परामर्शदाता | खर्च रकम	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

१	कट्के स्वास्थ्य चौकी भवन	मिसन इन्जिनियरिङ् कन्सलटेन्सी प्रालि	१५००००।००
२	नन्नेचौर पाखा मानचौर थाप्ला हुदै ६ नं वडा कार्यालय जोड्ने सडक	मिसन इन्जिनियरिङ् कन्सलटेन्सी प्रालि	४३३८००।००
३	प्राथमिक अस्पताल दल्ली १५ शैयाको भवन निर्माण	एभरेष्ट इन्जिनियरिङ्ग कन्ट्रक्सन प्रालि	१२९९५००।००
४	दल्ली खानेपानी आयोजना निर्माण।	मक्कर कन्सल्टेन्सी	७४५८००।००
	जम्मा		**२६२९१००.००**

उपर्युक्त ४ वटा विस्तृत आयोजना प्रतिवेदन तर्जुमाका लागि रु २६ लाख २९ हजार खर्च गरेको देखियो । तर्जुमा भएका विस्तृत आयोजना प्रतिवेदनहरु मध्य ४ वटा कार्यक्रम आ.ब. २०७८।७९ को बजेटमा परेका छन । विस्तृत आयोजना प्रतिवेदन सम्बन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार छनः

क) आयोजनाहरुमा बजेट विनियोजन गर्दा स्वीकृत डी.पी.आर बमोजिम नभई सालवसाली रुपमा न्युन बजेट विनियोजन हुने गरेको,

ख) कार्यक्रम कार्यान्वयन गर्दा आयोजनालाइ नै टुक्रा पारी कतै ठेक्का तथा कतै उपभोक्ता समितिमार्फत कार्य हुने गरेको ,

ग) स्वीकृत डी.पी.आरहरुलाई महत्वपुर्ण अभिलेखको रुपमा ब्यवस्थापन गरी बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा प्राथमिकिकरण हुने गरेको नदेखिएको,

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			घ) यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजनाहरु लाइ प्राथमीकीकरण गरी आयोजना बैंकमा समावेश गरी मध्यमकालीन खर्च संरचना अनुरुप श्रोत सुनिश्चितता गरी कार्यान्वयन गर्नुपर्दछ ।	
६५			**एकिकृत स्वास्थ्य पुर्वाधारः मु.अ.कर कट्टी -** गो.भौ.नं. १। २०७८।३।१६ पालिकाले यो वर्ष एभरेष्ट ईन्जिनियरिङ्ग कन्सल्टेन्सी मार्फत प्राथमिक अस्पताल(१५ शैया) दल्लीको विस्तृत आयोजना प्रतिवेदन तयार पारेको छ । उक्त डिपीआर तर्जुमा वापत मिति २०७८।३।१६ मा एभरेष्ट इन्जिनियरिङ्ग कन्सल्टेन्सीको विजक नं. ११।२०७८।३।१४ मा रु ११५०००० को मु.अ.कर रु १४९५००।०० समेत रु १२९९५०० भुक्तानी गरेको देखियो । पालिकाले उक्त भुक्तानीमा आर्थिक ऐन, २०७७ बमोजिम ५० प्रतिशतले हुने मु.अ.कर रु. ७४७५०।०० कट्टी नगरी भुक्तानी दिएको रकमको मु. अ. कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु...	७४,७५०
६६			गो.भौ.नं. ३। २०७८।३।१६ प्राथमिक अस्पताल(१५ शैया) दल्ली अस्पतालको अनलाइन ठेक्का प्रकृयाम सहजीकरण भनी रु. १५२४००।०० भुक्तानी गरेको छ । कार्यालयमा १ ईन्जिनियर ४ सव इन्जिनियर भएको र आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन तथा लागत अनुमान परामर्शदाताबाट तयार गर्न लगाएको अवस्थमा पुन ठेक्का प्रकृया(इजिपि) मा सहजीकरण भनी खर्च लेखिनु उचित नदेखिएको रु... **क्रम** | **कर्मचारीको नाम** | **असुली रकम** ६६.१ | एभरेष्ट इन्जिनियरिङ् कन्ट्रक्सन प्रा लि | १,५२,४००	१५२,४००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६७</td><td></td><td></td><td>
नगर प्रमुख रोजगार कार्यक्रमः
नगरपालिकाबाट निर्धारित कार्यक्रमहरु संचालन गर्दा निश्चित कार्यविधि अपनाई पालिकाले यो वर्ष नगर प्रमुख रोजगार कार्यक्रम अन्तरगत रु. १३ लाख ९५ हजार विनियोजन गरेकोमा रु. ८८७००० खर्च गरेको छ । यस कार्यक्रका केही उदाहरणहरु निम्नानुसार छनः
<table>
<tr><th>क्र.सं.</th><th>कार्यक्रम</th><th>भुक्तानी</th></tr>
<tr><td>१</td><td>फोहोर ब्यवस्थापन निर्माण योजना प्राथमिक अस्पताल दल्ली</td><td>३०००००</td></tr>
<tr><td>२</td><td>पाईप सिचाई योजना</td><td>९००००</td></tr>
<tr><td>३</td><td>जोगिन्दारादेखि ४ नं. वडा कार्यालय सडक निर्माण योजना</td><td>१०००००</td></tr>
<tr><td>४</td><td>छरछरे खानेपानी मर्मत तथा ट्यांकी निर्माण योजना</td><td>२९००००</td></tr>
<tr><td>५</td><td>तिपतिपे मुहान भई कल्लेरी खानेपानी योजना</td><td>५०००००</td></tr>
<tr><td>६</td><td>रामकृष्ण मन्दिर निर्माण योजना गुणभिर</td><td>१०००००</td></tr>
</table>
उपर्युक्त बमोजिम भएका कार्यक्रम संचालन सम्बन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार छनः
क) निश्चित कार्यविधि बेगर वितरणमुखी टुक्रे आयोजना छनौट गरेको देखियो ।
ख) नगर सभाबाट विनियोजित कार्यक्रमहरुमा श्रोत परिवर्तन तथा रकमान्तर गरी कार्यक्रम कार्यान्वयन गरेको देखियो ।
</td><td></td></tr>
<tr><td>६८</td><td></td><td></td><td>(राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम) विद्यालय भवन -</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			पालिकामा यो वर्ष राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत तपसिल बमोजिमका विद्यालयहरुलाइ भवन निर्माण अनुदान दिएको देखियोः	

क्र.सं.	विद्यालयको नाम	अनुदान रकम
१	विरेन्द्र हिमालय मा.वि. २ कोठे	१८०००००
२	सुर्योदय मा.वि. २ कोठे पक्की भवन	१८०००००
३	भानुभक्त मा.वि. २ कोठे पक्की भवन	१८०००००
४	जनविकास आ.बि. नलगाड	१८०००००
५	त्रिभुवन मा.वि. नलगाड	६५००००
६	जानकी मा.वि. नलगाड	६५००००
	जम्मा	**८५०००००**

उपर्युक्त कार्यक्रमको मिति २०७७।१२।३०। का शिक्षा तथा मानव श्रोत विकास केन्द्रको परिपत्रानुसार २०७७।१२।१९ को निर्णयानुसार LMBIS मा प्रविष्टी गरेको देखियो तत्पश्चात विद्यालयहरुलाइ निश्चित रकम पेश्की उपलव्ध गराएको देखियो। केन्द्रको मिति २०७८।३।२० को पत्रबाट स्वीकृत कार्यक्रमको लागि विनियोजित बजेट सम्बन्धित विद्यालयको खातामा तत्काल निकासा दिइ कार्यक्रम सम्पन्न हुन बांकी काम सम्पन्न गराउन परिपत्र गरेको देखियो।परिपत्रानुसार पालिकाले विद्यालयलाइ कार्यसम्पन्न बेगर भुक्तानी गरेको देखियो ।यसरी सालबसाली कार्यक्रमलाइ काम सम्पन्न नभइ भुक्तानी दिनु नियमसम्मत देखिएन । लेखापरीक्षण अवधिमा

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			पालिकाले कार्यसम्पन्न प्रतिवेदन पेश गरेको भएतापनि उक्त कार्यको भौतीक अनुगमन गरेको देखिएन । स्रेस्ता साथ वडा कार्यालयको सिफारीस तथा फोटो समेत संलग्न गरेको छैन ।	
६९			**योजना परिर्वतन :** कार्यालयले उपलव्ध गराएको विवरण अनुसार नगरसभाबाट पारित भएका योजना मध्ये रु २२९००००।०० का ११ वटा योजना परिर्वतन गरी ४२ गोटा योजना सञ्चालन गरेको देखियो। योजना परिर्वतन गर्नुपर्नाको कारण उल्लेख छैन । पुँजीगत निर्माणको कामबाट स्वास्थ्य चौकिलाई औषधी खरिद एवं बादी समुदायमा भोज भतेरको लागि भाडा खरिद गरेको समेत देखियो । यस्तो परम्परा नियन्त्रण हुनुपर्दछ ।	
७०			**(समानीकरण चालुतर्फ) भ्रमण खर्च :** कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् . • अधिकांश भ्रमणको उद्वेश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको, • नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको, • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको, • कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित स्थानमा गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको, • स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिन सम्म वा बढि भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको पाईयो । अतः स्पष्ट प्रयोजन र उद्वेश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको पाईयो । तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७१			**(सामाजिक सुरक्षातर्फ) बैँक मार्फत वितरण -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७7 को दफा २1 मा भत्ता विवरण गर्दा बैँक मार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यालयले १३ वडामा रु. ७,०६,३३,०९२।०० वितरण गरेको विवरण पेश गरेको छ । कार्यालयले कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले तोके अनुसार बैंक मार्फत भूक्तानी नगरी पहिलो किस्ता रु २,२८,९९,९७३।०० र दोश्रो किस्ता रु २,३९,१४,८०३।० समेत रु-४६८१४७७६।०० वितरण गरेको छ । कार्यविधिमा तोके अनुसार रकम भूक्तानी गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्छ ।	
७२			**प्रतिवेदन पेश गर्नुपर्ने :** सामाजिक सुरक्षा नियमावली २०७६ को नियम २३(१) मा स्थानिय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची -६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्नेछ । उपनियम १ बमोजिम चौमासिक प्रतिवेदन पठाउंदा पहिलो चौमासिक प्रतिवेदन मंसिर ७ गते भित्र दोस्रो चौमासिक प्रतिवेदन चैत ७ गतेभित्र र तेस्रो चौमासिक प्रतिवेदन तथा वार्षिक प्रतिवेदन अर्को आर्थिक बर्षको साउन १५ गतेभित्र विभागले तोकेबमोजिम पठाउनु पर्नेछ भन्ने व्यवस्था भएकोमा नगरपालिकामा सो नियमको पालना गरेको देखिएन । पालिकाले नियमको पालना गरि तालुक निकायमा प्रतिवेदन गर्नुपर्दछ ।	
७३			**भत्ता रकम वितरण व्यवस्थाः** सामाजिक सुरक्षा कार्यक्रम संञ्चालन कार्यविधि २०७७ को नियम १5 बमोजिम स्थानिय तहले लाभग्राहीको भत्ता आर्थिक वर्षको प्रत्येक चौमासिकको अन्त्य सम्ममा भुक्तानी गरिसक्नु पर्ने व्यवस्था पालना गर्न सकेको छैन । पालिकाले कार्यविधिको पालनमा ध्यान दिनुपर्दछ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७४</td><td></td><td></td><td>वढी रकम फिर्ता हुनु पर्नेः
सामाजिक सुरक्षा तथा संरक्षणको लागि निम्न कर्मचारी लिएको पेश्की फछ्र्यौट गर्दा सम्वन्धित लाभग्राहीलाई नवुझाएको रकम फिर्ता असुल गर्नुपर्ने रु
<table>
<tr><th>सि नं</th><th>नाम थर</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>वडा सचिव श्री कुमार परियार</td><td>१६००</td><td>बालपोक्षण भत्ता</td></tr>
<tr><td>२</td><td>वडा सचिव श्री दुर्गा घिमिरे</td><td>१६०००</td><td>सूचना प्रणालीमा नभएका व्यक्तिलाई दिएको भत्ता वितरण</td></tr>
<tr><td>३</td><td>वडा सचिव श्री गोविन्द चौधरी</td><td>२०००</td><td>बालपोक्षण भत्ता</td></tr>
<tr><td colspan="2">जम्माः</td><td>१९६००।</td><td></td></tr>
</table></td><td>१९,६००</td></tr>
<tr><td>७५</td><td></td><td></td><td>सामाजिक सुरक्षा पेश्कीः
आर्थिक कार्यविधि तथा वित्तीय तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम ५२(१) वमोजिम सरकारी कामकाजको लागि पेश्की रकम सोही आर्थिक वर्षभित्र फस्र्यौट हुन बाँकी रहेको पेश्की रकम पेश्की कुन काम वापत पेश्की दिएको हो सो समेत खुलाई अर्को आर्थिक वर्षमा जिम्मेवारी सार्नु पर्ने व्यवस्था छ । पालिकाले सामाजिक सुरक्षा पेश्की वापत निम्नानुसारका व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता सम्वन्धित लाभग्राहीलाई समय मै वितरण गर्नुपर्नेमा प्रथम किस्ता मात्र वितरण गरी दोस्रो किस्ता रकम वितरण गर्न पेश्की दिईएकोमा उक्त पेश्की समय मै फस्र्यौट हुनुपर्ने रु.........</td><td>२३,९१४,८०३</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

सि नं	पेश्की लिनेको नाम	पेश्की रकम
1.	वडा सचिव श्री दुर्गा घिमिरे	1941650.00
2.	वडा सचिव श्रीउत्तम चन्द	2182731.00
3.	वडा सचिव श्री सुरेन्द्र रावल	1611085.00
4.	वडा सचिव श्री ठगेन्द्र बहादुर गिरी	2802597.00
5.	वडा सचिव श्री गोविन्द चौधारी	1523893.00
6.	वडा सचिव श्री दान वहादुर मल्ल	1590342.00
7.	वडा सचिव श्री राज कुमार बुढा	2448507.00
8.	वडा सचिव श्री गोरख वहादुर घर्ति	1533225.00
9.	वडा सचिव श्री कुमार परियार	2009638.00
10.	वडा सचिव श्री विवेक खड्का	1465624.00
11.	वडा सचिव श्री जनक बहादुर खड्का	1635639.00
12.	वडा सचिव श्री मदन गिरी	1206822.00

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			13. वडा सचिव श्री मोहनबहादुर खड्का 1963050.00 जम्मा 23914803	
७६			**अभिलेख अद्यावधिक -** मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लागातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लगत कट्टा गरी अद्यावधिक गर्नुपर्ने ब्यवस्था छ । पालिकाले सम्बन्धित वडामा रहेको मूल अभिलेख अद्याविधक गरेको पाईएन ।	
७७			**बैँक पेश्की -** गोश्वारा भौचर नं.२७।२०७८।३।२३ पालिकाले तेस्रो किस्ता सामाजिक सुरक्षा भुक्तानीका लागि एन. आई. सी एशिया बैंक शाखा कार्यालय दल्लीलाई उपलब्ध गराएकोमा पेश्की फछ्यौट नभएकोले समयमै पेश्की फछ्यौट गर्नुपर्ने देखिएको रु.	२४,२७८,३५८
७८			**(चालु समानिकरण) पदाधिकारीको सेवा सुविधाः** भौ नं ४२। २०७७।६।२९ वाट पदाधिकारीलाई साउन भाद्र र असोजको सुविधा रु.३४१८५००।०० भएकोमा १ प्रतिशत सामाजिक सुरक्षा कर कटी भएको नदेखिएको असुल गर्नुपर्ने रु.....	३४,१८५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७९			**पारिश्रमिक करः** आयकर ऐन २०५८ अनुसार पारिश्रमिकमा कर लाग्ने व्यवस्था छ । पालिकामा कार्यारत मे अ श्री अरुण मानन्धरको प्रति महिना १००७६०।०० स्थानिय भत्ता समेतका दरले वार्षिक आय रु १०५७०००।०० रहेकोका एकल छुट रु ४०००००, स्थानिय भत्ता छुट रु ३०००० र वीमा छूट २५०००।०० समेत ४५५०००।०० छुट भई रु ६०२९८०।०० वार्षिक आयमा लाग्ने कर कट्टि भएको नदेखिएको असुल हुनुपर्ने रु...... <table><tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr><tr><td>७९.१</td><td>मे अ श्री अरुण मानन्धर</td><td>१,४०,८९४</td></tr></table>	१४०,८९४
८०			**पेश्की फस्र्यौटः** भौ नं ६७९।२०७८।३।२१ वाट भेष जग शाह अधिकृत छौंटौले विभिन्न पुशको लागि आवश्यक पर्ने औषधी खरिद गर्ने रु ६२००००।०० पेश्की लिई फस्र्यौट गर्दा विभिन्न विक्रेतावाट समान खरिद भएकोमा अग्रिम आयकर कट्टी गरेकोमा दाखिलाको प्रमाण पेश हुनुपर्ने रु....	११,६६९
८१			**वढी भुक्तानीः** भौ नं ७४८।२०७८।३।२८ वाट गाउँ सभा संचालनको लागि श्री यज्ञ वहादुर खत्रीले लिएको रु ५०००००।०० पेश्की लिई पेश्की फस्र्यौट गरेकोमा निम्नानुसार देखियोः	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८१.१</td><td></td><td></td><td>गाउँसभामा उपस्थित पदाधिकारी तथा कर्मचारीलाई वितरण गरेको भत्तामा लाग्ने अग्रिम कर तथा पारिश्रमिक कर कट्टि भई वितरण गरेकोमा दाखिला हुन वाँकी रकम असुल हुनुपर्ने रु...
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको/फर्म/संगठन नाम</th><th>असुली रकम</th></tr>
<tr><td>८१.१.१</td><td>यज्ञ वहादुर खत्री</td><td>१५,३७५</td></tr>
</table></td><td>१५,३७५</td></tr>
<tr><td>८१.२</td><td></td><td></td><td>गाउँपालिकाको वैठकले मञ्च व्यवस्थापनको लागि ६ जना कर्मचारीलाई तोकेको देखिए तापनि थप सुविधाको सम्वन्धमा केही उल्लेख नगरेतापनि दैनिक रु १००० का दरले ६ जनालाई जम्मा रु १८०००।०० भुक्तानी भएको पाईयो । साथै निर्णय भन्दा बाहिर गई ६ जना कार्यालय सहयोगीलाई रु ५०० का दरले रु १०५००।०० तथा अमिन श्री कमल ढुंगाना ३ दिन र तामेलदार श्री सुमन गौतमलाई २ दिनको रु १०००।०० दरले हुने रु ५०००।०० समेत जम्मा रु १५५००।०० समेत भुक्तानी भएकोमा पाउने आधार पेश नभएकोले असुल हुनुपर्ने रु. ....
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको/फर्म/संगठन नाम</th><th>असुली रकम</th></tr>
<tr><td>८१.२.१</td><td>६ जना कार्यालय सहयोगील</td><td>१०,५००</td></tr>
<tr><td>८१.२.२</td><td>अमिन श्री कमल ढुंगाना</td><td>३,०००</td></tr>
<tr><td>८१.२.३</td><td>तामेलदार श्री सुमन गौतम</td><td>२,०००</td></tr>
</table></td><td>१५,५००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८२			**पारिश्रमिक भत्ताः** विभिन्न समयमा कानुन निर्माण वैठक वापत पवित्रा उपाध्यायले वैठक भत्तामा कट्टा भएको पारिश्रमिक कर दाखिला गर्न वाँकी देखिएको रु.....	२४,२००
८३			**दोहोरो भत्ताः** २६१।२०७८।३।३० वाट कार्यापालिको निर्णय अनुसार पालिकामा कार्यरत प्राविधिक ईञ्जानियरलाई प्रति महिना रु १००००।०० दरले फिल्ड भत्ता दिने निर्णय गरेकोमा ईञ्जियर श्री विष्णु वहादुर रोकायलाई वडा कार्यालय अनुगमन भनी दैनिक भ्रमण भत्ता रु १२०००। भुक्तानी भएको देखिएकोले असुल हुनुपर्ने रु ..... <table><tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr><tr><td>८३.१</td><td>ईञ्जियर श्री विष्णु वहादुर रोकाय</td><td>१२,०००</td></tr></table>	१२,०००
८४			**आन्तरिक लेखापरीक्षणवाट औल्याएको व्यहोराहरुः** नगरपालिकालाई संघिय सरकारवाट प्राप्त सर्शत अनुदान अर्न्तगत कोष तथा लेखा नियन्त्रक कार्यालयवाट अन्तरिक लेखापरीक्षणवाट औल्याएकोमा समयमै असुल फछ्यौट नभएका व्यहोरा निम्नानुसार छनः	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८४.१</td><td></td><td></td><td>व उ शि नं ३६५००१०४३(स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम) श्री पञ्चासे सहकारी भवन निर्माण वापद रु.७,६८,०००।०० भुक्तानी दिंदा अग्रिम कर रु. १०,५४२।०० असुल हुनुपर्नेमा रु. १०५५।०० मात्र दाखिला भएकोले अग्रिम कर कट्टि गरेको नदेखिएको रु....

<table><tr><th>क्रम</th><th>कर्मचारीको/फर्म/संगठन नाम</th><th>असुली रकम</th></tr><tr><td>८४.१.१</td><td>श्री पञ्चासे सहकारी भवन निर्माण</td><td>९,४८७</td></tr></table></td><td>९,४८७</td></tr>
<tr><td>८४.२</td><td></td><td></td><td>श्री जन विकास आधारभूत विद्यालयलाई रु ६२७३९३।०० भुक्तानी दिएकोमा वाहाल कर कट्टी गरेको नदेखिएकोले असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु....

<table><tr><th>क्रम</th><th>कर्मचारीको/फर्म/संगठन नाम</th><th>असुली रकम</th></tr><tr><td>८४.२.१</td><td>श्री जन विकास आधारभूत विद्यालय</td><td>२,०००</td></tr></table></td><td>२,०००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८५			**विपद् व्यवस्थापन कार्य योजना :** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने गराउने सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नुपर्दछ ।	
८६			**वार्षिक प्रतिवेदन :** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	
८७			**कोभिड व्यवस्थापनः** पालिकामा २०७८ असार मसान्तसम्म रु ६६,१६,००३।०० प्राप्त भएकोमा रु २३,७५,९५७।०० खर्च भएको तपसिल बमोजिमको विवरण प्राप्त भएको छः	

बजेट/आम्दानीको स्रोत	**२०७८ असार मसान्तसम्म प्राप्त**	**खर्च शीर्षक**	**२०७७ असार मसान्तसम्म**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

	रकम		**खर्च रकम**
सञ्चित कोषबाट	०।००	राहात वितरण	
प्रदेश सञ्चित कोषबाट	०।००	क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन	
स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको	५४०६००३।००	आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन	२११४९५७
अन्य स्रोतबाट आम्दानी	२१०००।०००	जनशक्ति परिचालन	२६१०००
प्रदेश कोभिड कोषबाट	१०००००।००	औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद	
अन्य स्रोतबाट प्राप्त		स्वास्थ्य पूर्वाधार निर्माण	
		अन्य शीर्षकमा भएको खर्च	
		बाँकी	
जम्मा	६६१६००३।००	जम्मा	२३७५९५७

कोभिड ब्यवस्थापन सम्बन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार छनः

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			क) कोभिड ब्यवस्थापन पुर्व तयारीका लागि पालिकाले रु २१,६४,९५७।०० का औषधि तथा उपकरणहरु खरिद गरेको पाइयो । ख) स्वास्थ्य कर्मीहरुलाइ प्रोत्साहन रकम रु १०,१२,४९२।०० र सुरक्षा कर्मीहरुलाई खाजा भत्ता वापत रु ४५,००० खर्च गरेको छ । ग) औषधि तथा औषधिजन्य उपकरणहरु रु १४,६१,३०६।०० बरावरका सोझै खरिद ब्यवस्थापन गरेको छ। घ) त्रिभुवन मा.बि. दल्ली र त्रिभुवन प्रा.वि दल्लीमा ६५ बेडको क्वारेन्टिन र आइसोलेसन वार्ड निर्माण गरेको देखियो ।	
८८			**पेश्की –** विभिन्न फर्महरुलाई निर्माण कार्य सञ्चालनका लागि दिएको पेश्की सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११३ (५) अनुसार र अन्य कार्यका लागि दिएको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ बमोजिम फछ्र्यौट हुनुपर्ने देखिन्छ । प्राप्त बिवरण अनुसार तपसिल बमोजिमको म्याद ननाघेको रु.1505913।- र म्याद नाघेको रु.2512360।- पेश्की फछ्यौट नभई बाँकी रहेकोले नियमानुसार असुल फछ्र्यौट हुनुपर्ने रु	२,५१२,३६०

गोश्वाराभौनंरमिति	पेश्कीको विवरण	पेश्की लिने फर्म वा कम्पनीको नाम	म्याद ननाघेको पेश्की	म्यादनाघेको	जम्मापेश्की
५६।२०७७।९।२	नगर कार्यालय भवन निर्माण	सन्तोष निर्माण सेवा	१५०५९१३		१५०५९१३
२४४।२०७७।१०।५	कार्यक्रम खर्च	नेपाल मगर संघ		७५०००	७५०००
७२।२०७७।९।१५	५ नं वडा भवन निर्माण	भवन निर्माण उ.स.		५२५०००	५२५०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय							बेरुजु रकम
			९३।२०७८।२।२५	खगेनकोट खा.पा. योजना	स्वामी नारायण पी एस जे.भी.		२२०००	२२०००		
			७५।२०७८।२।९	राष्ट्रपति शैक्षिक सुधार	सुर्योदय मा.वि		५८२१२०	५८२१२०		
			७६।२०७८।२।९	राष्ट्रपति शैक्षिक सुधार	जनआधारभुत मा.वि		५८२१२०	५८२१२०		
			८२।२०७८।२।१६	राष्ट्रपति शैक्षिक सुधार	भानुभक्त मा.वि		५८२१२०	५८२१२०		
			८८।२०७८।२।२४	सुरक्षित नागरिक आवास	हासीराम कामी		२८८००	२८८००		
			१०२।२०७८।३।१	सुरक्षित नागरिक आवास	गणेश बहादुर रावल		२८८००	२८८००		
			१४३।२०७८।३।१	सुरक्षित नागरिक आवास	चन्द्रकली कामी		२८८००	२८८००		
			१४६ ।२०७८।३।१	सुरक्षित नागरिक आवास	सुरेन्द्र वि.क.		२८८००	२८८००		
			१४७।२०७८।३।१४	सुरक्षित नागरिक आवास	जय बहादुर सार्की		२८८००	२८८००		

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td>जम्मा</td><td></td><td>१५०५९१३</td><td>२५१२३६०</td><td>4018273</td></tr></table></td><td></td></tr>
<tr><td>८९</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण –
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण नभएको र गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।

(रु हजारमा)<table><tr><td>गत वर्षसम्मको बेरुजू (A)</td><td>यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)</td><td>गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B)</td></tr><tr><td>२८९९५</td><td>०</td><td>२८९९५</td></tr></table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९०</td><td></td><td></td><td>यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।
<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">आ.व.</th><th rowspan="2">वेरुजु दफा नं.</th><th rowspan="2">वेरुजुको संक्षिप्त व्यहोरा</th><th colspan="4">फछ्र्यौटको आधार</th><th>सम्परीक्षण</th></tr>
<tr><th>असुली</th><th>प्रमाण</th><th>नियमित</th><th>पेश्की</th><th></th></tr>
<tr><td>÷</td><td>÷</td><td>÷</td><td>÷</td><td>÷</td><td>÷</td><td>÷</td><td>÷</td><td>÷</td></tr>
</table></td><td></td></tr>
<tr><td>९१</td><td></td><td></td><td>उल्लिखित सम्परीक्षणबाट निम्नानुसार थप वेरुजु कायम भएको छ ।
<table>
<tr><th>सि.नं.</th><th>आ.व.</th><th>वेरुजु दफा नं.</th><th>वेरुजुको संक्षिप्त व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>-</td><td>-</td><td>-</td><td>-</td><td>-</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९२</td><td></td><td></td><td>अद्यावधिक वेरुजु -
यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छः
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</th><th>यो वर्ष कायम बेरुजू(C)</th><th>संपरीक्षणबाट कायम बेरुजू(D)</th><th>अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)</th></tr>
<tr><td>२८९९५</td><td>०</td><td>८६६७३</td><td>०</td><td>११५६६८</td></tr>
</table></td><td></td></tr>
</table>